राष्ट्रिय साप्ताहिक

# जनजिब्रो

Janajibro National Weekly

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्जन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञानवर्द्धक सामग्रीका लागि

newskoseli.com
सबैतिरबाट, सबैका लागि

वर्ष– ३१, अङ्क– १३, कात्तिक ७ गते शुक्रबार, २०८२ (24 October, 2025) | www.janajibro.com | मूल्य रू. १०।-

# जटिल परिस्थितिमा ठूलो जिम्मेवारी : प्रचण्ड

## भ्रष्टहरू र क्रान्तिकारी एकै होइनन्, संविधान र व्यवस्था मास्ने षड्यन्त्र असफल पार्न राष्ट्रपति सफल

■ जनजिब्रो संवाददाता

**ललितपुर ।** नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) महाधिवेशन आयोजक समितिका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' ले अहिले मुलुकको परिस्थिति असाधारण र जटिल रहेको बताएका छन् । वर्तमान अप्ठ्यारो परिस्थितिमा आफ्नो पार्टीको भूमिका गुणात्मक रूपले बढेको समेत उनले चर्चा गरेका छन् ।

नेपाल सम्बत् ११४६ को अवसरमा माओवादी केन्द्र ललितपुर महानगरपालिका समितिद्वारा महालक्ष्मीस्थानमा आयोजित शुभकामना आदनप्रदान, चियापान तथा भेटघाट कार्यक्रमलाई सम्बोधन गर्दै संयोजक प्रचण्डले अहिलेको अवस्थामा पार्टीलाई ठूलो जिम्मेवारी आएकैले १० बुँदे मार्गदर्शन जारी गरिएको बताएका हुन् । 'भदौ २३ मा जेन-जीले बेथिति, भ्रष्टाचार र कुशासनका विरुद्ध आन्दोलित भएर राजनीति र देशप्रतिको मायाका साथै सुधारका लागि शक्ति प्रदर्शन गरेको हो, तर भदौ २४ का घटनाक्रमले भने देशमा कति खतरनक ढंगले गलत प्रवृत्तिको विकास हुँदैछ भन्ने पनि शिक्षा दिएको छ,' उनले भने- 'यो तथ्य हामीले बुझ्नुपर्छ, त्यसपछि नै मुलुकमा राज्यविहीनताको अवस्था अन्त्य गर्न हामी सबैले भूमिका निर्वाह गर्‍यौं ।'



'जेन-जी आन्दोलन' का माग पनि पार्टीकै माग भएकाले आफूहरूले समर्थन गरेको उनले उल्लेख गरे । युवाको चाहना र भावनाअनुसार पार्टी रूपान्तरण हुनुपर्नेमा समेत उनले जोड दिए । 'परिवर्तित परिस्थितिमा पनि रूपान्तरण हुने पार्टी भनेको माओवादी नै हो,' उनले भने- 'जेन-जी युवासँग पनि निरन्तर संवाद र छलफल भइरहेको छ, संविधान संशोधन गरेर परिवर्तित परिस्थितिलाई सम्बोधन गर्न पनि हामी नै तत्पर छौं, यो तथ्य उनीहरूले पनि बुझ्नुपर्छ, क्रान्तिकारीहरूले दुस्मन र मित्र चिन्नुपर्छ, यो कुरा नवयुवाहरूले बुझ्नुपर्छ ।'

सुशासन, सामाजिक न्याय, प्रत्यक्ष निर्वाचित

क्रमशः अन्तिम पृष्ठमा

# नागरिकले सम्मानजनक जीवन बाँच्न पाउनुपर्छ : अध्यक्ष ओली

**काठमाडौं ।** नेपाल कम्युनिस्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले आफ्नोसहित शंका लागेका सबैको सम्पत्ति निष्पक्ष ढंगले छानबिन गर्न माग गरेका छन् ।

निवर्तमान प्रधानमन्त्री समेत रहेका अध्यक्षले ओलीले आफूले एक पैसा पनि भ्रष्टाचार नगरेको र सुशासनका पक्षमा सदैव दृढ रहेको जनाउँदै सम्पत्ति छानबिनका लागि आफू तयार रहेको स्पष्ट पारेका हुन् । पार्टीनिकट पत्रकार संगठन प्रेस चौतारी नेपालद्वारा राजधानी काठमाडौमा आयोजित सम्पादकहरूसँगको संवाद कार्यक्रममा अध्यक्ष ओलीले त्यस्तो माग गरेका थिए । बेथिति, विकृति र भ्रष्टाचार अन्त्यसहित सुशासन र सामाजिक सञ्जाल सञ्चालनको मुद्धा उठाएर 'जेन-जी' समूहले गरेको शान्तिपूर्ण आन्दोलनमा घुसपैठ भई धनजनको क्षति भएको उनको विश्लेषण थियो ।

आफू हरेक नागरिकले सम्मानजनक जीवन बाँच्न पाउनुपर्ने पक्षमा रहेको भन्दै अध्यक्ष ओलीले भने 'म कुनै आवेग र आक्रोसमा भन्दा सत्य स्थापित होस् भन्ने चाहन्छु । म हरेक नागरिकले सम्मानजनक जीवन बाँच्न पाउनुपर्छ र मुलुकमा समृद्धि, समानता र शान्ति कायम हुनुपर्दछ भनी देश र जनताप्रति सदैव बफादर हुँदै आएको छु। सत्यप्रतिको मूल्यमान्यताबाट कहिल्यै विचलित हुन्नँ ।'

'सत्यको पक्ष लिँदा अहंकार र दम्भको भाषा बोल्यो भन्ने पर्न सक्छ । उक्त घटनाको यथार्थ क्रमशः खुल्दै जाला, हामी जनताको शान्ति, न्याय र लोकतन्त्रका पक्षमा कसैसँग सम्झौता नगरी लागिरहने छौं' अध्यक्ष ओलीको भनाइ थियो ।

निर्वाचनको सहज वातावरण नभएको आशंका गर्दै एमाले अध्यक्ष ओलीले विघटित प्रतिनिधिसभाका पुनर्स्थापनाका पक्षमा आफ्नो पार्टी रहेको स्पष्ट पारे । गत भदौ २३ र २४ गते भएको 'जेन-जी' प्रदर्शनले हिंसात्मक रूप लिएसँगै तत्कालीन प्रधानमन्त्री ओलीले राजीनामा दिएका थिए ।

## ११७औं महाकवि देवकोटा जन्मजयन्ती

**काठमाडौं॑** विविध कार्यक्रमका साथ महाकवि लक्ष्मीप्रसाद देवकोटाको ११७औं जन्मजयन्ती मनाइएको छ । नेपाली साहित्यका विराट प्रतिभा महाकवि लक्ष्मीप्रसाद देवकोटाको जन्मजयन्ती स्वदेश र विदेशमा विभिन्न कार्यक्रमको आयोजना गरी मनाइएको हो ।

महाकवि देवकोटाको जन्मजयन्तीका अवसरमा नेपाल प्रज्ञा प्रतिष्ठानले आयोजना गरेको कार्यक्रममा डिल्लीबजारस्थित देवकोटा संग्रहालयमा रहेको उनको प्रतिमामा

क्रमशः अन्तिम पृष्ठमा

# कमरेड किरणको राजीनामा र यसको राजनीतिक सन्देश

**समय- सन्देश**

**अशोक शर्मा**

**आदरणीय कमरेड किरण,**
**लालसलाम !**

तपाईंले क्रान्तिकारी कम्युनिस्ट पार्टी, नेपालको महासचिव पदबाट राजीनामा दिनुभएको सुनियो । आफ्नो स्वास्थ्य अवस्थाको कारण उल्लेख गर्दै दिनुभएको यो राजीनामामार्फत तपाईंले जीवनमा प्रथमपल्ट, एकैसाथ स्वयम् आफैंलाई र जीवनकालभरि विभिन्न राजनीतिक आरोह-अवरोहहरूमा अनवरत रूपमा साथ दिने सहयात्री एवम् समकक्षी सहयोद्धा कमरेड गौरवलाई पनि न्याय गर्नुभएको छ । यस अवसरमा तपाईंलाई बधाई एवम् धन्यवाद र कमरेड गौरवलाई शुभकामना !

नेपालको कम्युनिस्ट आन्दोलनमा नेतृत्व हस्तान्तरण सम्बन्धी कमरेड पुष्पलाल, कमरेड निर्मल लामा र तपाईंमा छुट्टै प्रकारको ऐतिहासिक पृष्ठभूमि देख्न पाइन्छ । नेकपाका संस्थापक महासचिव कमरेड पुष्पलालले प्रथम महाधिवेशनमा नै पार्टीको मूल नेतृत्व आफूभन्दा पाँच वर्ष जेठा मनमोहन अधिकारीलाई (विभिन्न कारणले) हस्तान्तरण गर्नुभएको थियो । त्यस्तै, महासचिव मनमोहन अधिकारीको अनुपस्थितिमा भएको दोस्रो महाधिवेशनमा आफूभन्दा दुई वर्ष कान्छा डा. केशरजंग रायमाजीलाई (परिस्थितिवश) नेतृत्व छाडिदिनुभएको थियो । तेस्रो महाधिवेशनबाट आफूभन्दा १० वर्ष जेठा तुलसीलाल आमात्यलाई समेत नेतृत्व छाड्न बाध्य हुनुभएको थियो । मूल नेतृत्व र पदीय जिम्मेवारीमा नरहँदा पनि कमरेड पुष्पलालमा कुनै किसिमको आत्मग्लानि र निष्क्रियता आएको देखिँदैन । त्यसैगरी, कमरेड निर्मल लामाले पनि आफू ६८ वर्षको उमेरमा हुँदा आफूभन्दा ३२ वर्ष कान्छा नारायणकाजी श्रेष्ठलाई नेतृत्व सुम्पनुभएको थियो ।

नेकपा मसालको पाँचौं महाधिवेशनबाट महासचिव बन्नुभएका तपाईंले ४३ वर्षको उमेरमा स्वेच्छिक रूपले आफूभन्दा नौ वर्ष कान्छा प्रचण्डलाई नेतृत्व हस्तान्तरण गर्नुभएको थियो ।

क्रमशःदोस्रो पृष्ठमा

विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरूका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरूकै सिर्जनात्मक क्षमतामा भर परेर फइको मार्न तयार हुन्छन्। **-लेनिन**

**जनजिब्रो साप्ताहिक**
वर्ष- ३१, अङ्क- १३, कातिक ७ गते शुक्रबार, २०८२

**सम्पादकीय**

# द्वन्द्व घटाउनेतर्फ अग्रसर होऊ एमाले

जेन-जी प्रदर्शनका नाममा त्यसमा घुसेर तोडफोड, लुटपाट, आगजनी र विध्वंसमा उत्रिएको डफ्फा उदाङ्गो र नाङ्गेझार भइसक्दा पनि अझै समेत उही तत्त्व राष्ट्रको राजनीतिमा हावी भइरहेको देखिनु राष्ट्र र जनताका लागि निकै नै विष्मयको कुरा हो। अझ यो स्थितिलाई आत्मसात् गरेर समुचित विधिद्वारा ती तत्त्वहरूलाई पराजित गर्नेतर्फ उन्मुख हुनुको सट्टा सवालजवाफमा सीमित रहेर गैरजिम्मेवार प्रदर्शन गर्ने एमालेको रवैया झन् बढी विष्मयकारी देखिँदै छ।

एमालेले सकेसम्म आफूलाई परिष्कार-परिमार्जन गरोस्। जनअभिमत र आफ्नै पार्टीपङ्क्ति समेतको गम्भीर चाहना र कामनालाई आत्मसात् गर्न सक्छ भने आसन्न महाधिवेशनमार्फत मूल नेतृत्वसहित नेतृत्वपङ्क्तिको एउटा अलोकप्रिय तप्कालाई फेरोस्। यसो गर्न सकेमा यथास्थितिवादी राज्य व्यवस्था सुदृढ गर्ने कार्यमा एमालेको राम्रो योगदान पनि रहनेछ भने स्वयम् एमालेकै भविष्य सुनिश्चितताका लागि एउटा बलियो र सार्थक सत्प्रयास सावित हुने निश्चित छ।

आन्दोलनका नाममा मुलुकमा जे-जस्ता हर्कत भए र अद्यापि जे-जस्ता दुष्प्रयत्न कायम छन्, तिनका विरुद्ध मुलुकका कुनै पनि दलले मुखर आवाज प्रकट गर्न सकिरहेका छैनन्; तर, एमालेले त्यो गरेर राष्ट्र र जनताका पक्षमा ठूलै गुन लगाएको छ। तर, वर्तमान संविधान र व्यवस्थालाई क्षतविक्षत तुल्याउन स्वयम् आफैंले के-कति 'योगदान' पुऱ्याइयो भन्ने तथ्यतर्फ आँखा चिम्लने कुरा कसैका निम्ति पनि सह्य हुन सक्ने विषय होइन। अर्कातिर जिम्मेवार राजनीतिक शक्तिले 'जस्तालाई तस्तै' भनेजस्तो विधि अपनाउँदा समस्या सल्टिन्छ कि बल्झिन्छ ? त्यसतर्फ पनि एमाले नेताहरूले गम्भीर रूपले सोचून् !

## कमरेड किरणको...

अहिले, एउटा विषम परिस्थितिमा, राजनीतिक जीवनको लामो कालखण्डसम्मका अनवरत सहयात्री तथा सहयोद्धा कमरेड गौरवलाई निःसर्त नेतृत्व हस्तान्तरण गरेर कम्युनिस्ट आन्दोलनभित्र विद्यमान नेतृत्व पंक्तिको पदीय महत्‌वकांक्षाको जडतामाथि जबरजस्त प्रहार गर्दै तपाईं अपवाद बन्न पुगुभएको छ।

हुन त कमरेड मोहनविक्रम सिंहले पनि ६५ वर्षको उमेरमा आफूभन्दा झन्डै २० वर्ष कान्छा कमरेड रामसिंह श्रीसलाई नेतृत्व हस्तान्तरण गर्नुभएको थियो। तर, त्यो स्वविवेकीय नभएर बाध्यतावश गरिएको नेतृत्व हस्तान्तरण थियो। यसकारण इतिहासमा त्यस सन्दर्भको साह्रै कम चर्चा हुने गरेको देखिन्छ।

कमरेड पुष्पलाल र तपाईं ( कमरेड किरण) मा रहेको आधारभूत अन्तर के हो भने कमरेड पुष्पलालले ज-जसलाई नेतृत्व हस्तान्तरण गर्नुभयो, ती सबै बाध्यतावश भएका हस्तान्तरण थिए र नेतृत्व हस्तान्तरणसँगसँगै नवनिर्वाचित नेतृत्वसँग उहाँको वैचारिक-राजनीतिक अन्तर्विरोध सुरु हुन पुग्यो र त्यसले पार्टीलाई निकै ठूलो नोक्सान समेत पुऱ्यायो। तर, तपाईंको नेतृत्व हस्तान्तरणसम्बन्धी प्रश्न फरक प्रकृतिको भएको तथ्य सहजै बुझ्न सकिन्छ।

स्वेच्छापूर्वक हस्तान्तरण गरेको नेतृत्वलाई लामो समयसम्म अभिभावकीय ढङ्गले वैचारिक मार्गदर्शन गरिरहन तपाईं प्रायः सफल भइरहनुभयो। प्रचण्डलाई नेतृत्वमा स्थापित गर्न, सर्वहारा क्रान्तिको राजनीतिक एवम् सामरिक कार्यदिशाको सुस्पष्ट वैचारिक नेतृत्व सम्हाल्न तथा महान् जनयुद्धको समग्र वैचारिक अभिभावकत्व प्रदान गर्न तपाईंले प्राप्त गर्नुभएको उच्च राजनीतिक सफलता तपाईंमा विद्यमान उच्चतम् राजनीतिक योग्यताको प्रमाण थियो भन्ने कुरा इतिहासका तथ्य र व्यवहारले पुष्टि गरिसकेका छन्। तपाईंमा अन्तर्निहित उच्च वैचारिक योग्यताका कारण जनयुद्धमार्फत सर्वहारा क्रान्तिले नयाँ उचाइ प्राप्त गर्न सफल भएको ऐतिहासिक तथ्यलाई भुल्नु इतिहास र स्वयम् तपाईंप्रतिकै अन्याय हुन जान्छ।

कमरेड किरण! तपाईंको सिङ्गो इतिहास सर्वहारा वर्ग, वर्गसङ्घर्ष, सर्वहारा क्रान्ति र यसका समग्र रणनीति एवम् कार्यनीतिप्रति वैचारिक एवम् राजनीतिक दृष्टिकोणले अविचलित देखिन्छ। सर्वहारा क्रान्तिको राजनीतिक आदर्श, निष्ठा र उद्देश्यप्रति देशी-विदेशी शक्तिकेन्द्रहरूको दबाव र प्रभावमा परेर एउटा पंक्तिले जनयुद्धको मूल मर्म र भावनाविरुद्ध राष्ट्रिय एवम् वर्गीय आत्मसमर्पणवादको बाटो अवलम्बन गरेपछि तपाईंले तत्कालीन माओवादीको मूल नेतृत्वमा रहेका प्रचण्ड-बाबुरामहरूको संशोधनवादी लाइनविरुद्ध दृढतापूर्वक क्रान्तिको झण्डा उठाइरहने साहस गर्नुभयो। माओवादी जनयुद्धलाई प्रचण्ड-बाबुरामहरूमार्फत संसदवादमा पतन गराउनका लागि तपाईं र कमरेड गौरवलाई पक्राउ समेत गरी साम्राज्यवादीहरूले सर्वहारा वर्गमाथि गरेको भयङ्कर गद्दारीविरुद्ध खडा भइरहनु भएको तपाईंको निष्ठालाई धुमिल पार्ने सुनियोजित उद्देश्यसहित प्राप्त गराइएको संविधानसभा सदस्य (सांसद) पद समेत परित्याग गरेर तपाईंले आफ्नो वर्गीय निष्ठा र आदर्श बचाउने काम गर्नुभयो। आफैंद्वारा स्थापित र प्रशिक्षित नेतृत्वबाट सर्वहारा वर्ग र क्रान्तिप्रति गद्दारी गरिएपछि तपाईंले उनीहरूकै विरुद्ध विद्रोहको क्रान्तिकारी झण्डा उठाउनुभयो र माओवादी आन्दोलनमा वैचारिक पुनर्गठनको राजनीतिक नेतृत्व गर्नुभयो। सर्वहारा क्रान्तिको प्रक्रियामा त्यसबेला तपाईंले देखाउनु भएको अदम्य क्रान्तिकारी साहस र वैचारिक निष्ठा क्रान्तिकारी राजनीतिक आन्दोलनको इतिहासकै एउटा युगान्तकारी परिघटनाका रूपमा जबर्जस्त दर्ज भएको छ।

प्रचण्ड-बाबुरामहरूको संशोधनवाद विरुद्ध विद्रोहको झण्डा उठाउँदा पार्टीको नेतृत्व लिनु तपाईंको मनोगत इच्छा नभएर परिस्थितिले खडा गरेको ऐतिहासिक एवम् वस्तुगत आवश्यकता थियो भन्ने कुरा सहजै बुझ्न सकिन्छ। यद्यपि, माओवादी आन्दोलनको पुनर्गठन गर्ने सन्दर्भमा तपाईंको वर्गीय एवम् वैचारिक निष्ठासँग केही असङ्गत मानसिकता बोकेका मानिसहरू पनि मिसिएका थिए। उनीहरूको उद्देश्य आन्दोलन र क्रान्तिलाई नयाँ ढङ्गले पुनर्गठन गरेर लैजानुभन्दा पनि व्यक्तिगत पदीय महत्‌वाकाङक्षासहित प्रचण्डहरूसँगको निजी कुण्ठा, आक्रोश र बदलाको भावनाले प्रेरित थियो थियो भन्ने कुरा पुष्टि भइसकेको छ।

तपाईंले निकट भविष्यमै नेतृत्व हस्तान्तरण गर्न सकारात्मक सोच बनाइसक्नु भएका पात्र विप्लवले नै सबैभन्दा पहिले तपाईंसँग 'सम्बन्ध-विच्छेद' गरेर धोका दिए। त्यसलगत्तै एउटा परिस्थितिमा पुगेर बादलमार्फत नेतृत्वको हस्तान्तरण गर्ने तपाईंको इच्छामाथि स्वयम् बादलले 'सम्बन-विच्छेद' गरेर अर्को धोका दिए। कम्युनिस्ट आन्दोलनभित्रका फुट र विभाजनहरूबाट ऐतिहासिक शिक्षा लिँदै त्यहाँभित्रका क्रान्तिकारी शक्तिहरूसँग व्यापक एकता र ध्रुवीकरण गर्ने अभियानमा यसबीच तपाईंले थुप्रै समूहहरूसँग एकता गर्नुभएको छ। कतिपय वैचारिक मतभेदहरूलाई नजरअन्दाज गरेर एकता गरे तापनि एकताप्रतिको तपाईंको भावना सर्वहारा क्रान्तिको विकास गर्ने सूत्रभन्दा दायाँ-बायाँ छैन भन्ने कुरामा विवाद छैन। पछिल्लो समय नेकपा बहुमतसँग एकता गरेर धर्मेन्द्र बास्तोलालाई नेतृत्वमा स्थापित गर्ने तपाईंको योजना स्वयम् धर्मेन्द्रले 'धोका' दिएर असफल बनाएपछि पार्टीभित्र युवा पुस्तामा नेतृत्व हस्तान्तरण गर्न खोज्ने तपाईंको पवित्र इच्छामा तत्कालीन भौतिक परिस्थितिले साथ दिन सकेन।

कमरेड किरण ! गतसालको पार्टी महाधिवेशनबाट नेतृत्व हस्तान्तरण गर्ने उद्देश्यका साथ तपाईंले निकै राम्रो पहलकदमी गरिरहेको कुरा धेरै मान्छेलाई थाहा छ। तर, सो महाधिवेशन तपाईंको इच्छाभन्दा बाहिर हुन गयो। पार्टी नेतृत्वमा रहने इच्छा नहुँदानहुँदै पनि वस्तुगत परिस्थितिले तपाईंलाई नै मूल नेताका रूपमा जबर्जस्त खडा गरिछोड्यो। तपाईंको राजनीतिक निष्ठा, इमान र इतिहासमाथि उक्त महाधिवेशनमार्फत परिस्थितिले निकै ठूलो र भद्दा मजाक गरिदियो। यसबाट सबैभन्दा पीडित स्वयम् तपाईं नै भएको हुनुपर्दछ।

महाधिवेशनले तपाईंमाथि गरेको यो मजाक र अन्यायलाई मनन गरेर समयक्रममा तपाईंले आफूमाथि न्याय हुने गरी कदम चाल्नुहुन्छ वा हुन्न भन्ने कुरा इतिहासको एउटा परीक्षाकै रूपमा, अनिश्चित विषय बनेर रहेको थियो। तपाईं अहिले उक्त परीक्षामा उत्तीर्ण हुनुभएको छ र आफूमाथि मात्र न्याय गर्नुभएको छैन कि तपाईंको राजनीतिक निष्ठामाथि भएको महाधिवेशनको मजाकलाई समेत राम्रोसँग जवाफ दिनुभएको छ।

कमरेड किरण ! नेतृत्वबाट राजीनामा दिएर तपाईंले आफूमाथि न्याय त गर्नु नै भयो, साथसाथै आफैंद्वारा राजनीतिक जीवनको कुनै एउटा महत्त्वपूर्ण कालखण्डमा अन्यायमा पारिएका र पनि जीवनपर्यन्त तपाईंलाई साथ दिँदै आएका वैचारिक एवम् राजनीतिक सहयोद्धा कमरेड गौरवलाई समेत तपाईंले यसपल्ट न्याय गर्नुभएको छ। 'सेक्टर काण्ड' का बखत आफूपछि दोस्रो वरियतामा रहनुभएका कमरेड गौरवलाई विभिन्न कारणले किनारामा धकेलेर प्रचण्डलाई नेतृत्वमा स्थापित गर्ने योजनामा तपाईंको समेत हात रहेका कारण अन्यायमा पारिए पनि तपाईंको साथमा निरन्तर निःशर्त राजनीतिक सहयात्रा गर्दै आएका कमरेड गौरवले ढिलै भए पनि आज आएर तपाईंबाट न्याय पाउनु अवश्य नै सुखद् विषय हो। आफ्नो राजनीतिक जीवनकालमा यतिबेला तपाईं यस सन्दर्भमा पनि सापेक्षित हिसाबले दोषमुक्त हुनुहुने देखिन्छ। यस सन्दर्भमा कम्युनिस्ट आन्दोलनमा तपाईंबाट सिक्नुपर्ने थुप्रै अनुकरणीय कुराहरू छन्, जसले कम्युनिस्ट आन्दोलन र सर्वहारा वर्गको हितमा महत्त्वपूर्ण योगदान गर्न सक्दछन्।

कमरेड किरण ! म तपाईंको निरपेक्ष आलोचक र समर्थक दुवै होइन। तपाईंको विचारसँग असहमत कयौं विषयवस्तुमा मैले एउटै पार्टीमा, सँगै भएका बखत केन्द्रीय समितिमा खुला आलोचना गरेको तथ्य स्पष्ट नै छ। सहमत भइएका विषयहरूको पक्षमा तपाईंको विचारको पक्षमा दृढतापूर्वक खडा भएको तथ्य पनि उत्तिकै स्पष्ट छ। विप्लव नेतृत्वको नेकपामाथिको 'प्रतिबन्धित' कालमा सो पार्टीसँग वार्ता-छलफल गर्ने सन्दर्भमा म, मेरो नेतृत्व र घर समेतलाई भूमिगत ट्रान्जिट प्वाइन्टका रूपमा तपाईंको योजना अनुकूल प्रयोग गरिएको कुरा तपाईंको स्मरणमा ताजै हुनुपर्दछ। चाहे भूमिगत ढङ्गले तपाईंलाई विप्लवसँग भेट गराउने वातावरण तयार पार्ने होस् वा कमरेड गौरवलाई प्रकाण्डसँग भेट गराउने वातावरण मिलाउने विषय नै किन नहोस्, कयौं राजनीतिक अन्तर्विरोधका बीचमा मैले सदैव नेतृत्वलाई असाध्यै नजिकबाट, सकारात्मक ढङ्गले सहयोग गरेको कुरा दिनको घाम झैं छर्लङ्ग छ।

कतिपय सन्दर्भमा, कम्युनिस्ट आन्दोलनका विभिन्न कालखण्डमा काम गरेका महत्त्वपूर्ण व्यक्तित्वहरूसँग गोप्य रूपमा छलफल र भेटघाटको वातावरण बनाउन तपाईंले दिएको जिम्मेवारीलाई समेत मैले कुशलतापूर्वक पूरा गरेको कुरा पनि तपाईंलाई थाहै हुनुपर्दछ। निरपेक्ष समर्थक र निरपेक्ष आलोचक दुवैले नेतृत्वलाई सधैं सङ्कटको भुमरीभित्र फसाइदिने गर्दछन्। तपाईंको जीवनमा पनि यो पक्षले कतिपय सन्दर्भमा प्रभाव नपारेको होइन। तर, मबाट तपाईंको राजनीतिक जीवनमा यस प्रकारका कुनै गतिविधि कहिल्यै भएनन्। कतिपय स्वभावजन्य कमीकमजोरीका बावजुद नियतमा भने तपाईं स्पष्ट र सफा हुनुहुन्छ भन्ने मेरो स्पष्ट बुझाइ र अनुभव छ।

वस्तुको विकास गतिको नियमका आधारमा हुन्छ। विज्ञानको विकास गतिको नियम र मानव समाजको इतिहासका सार्वभौम एवम् अपराजेय श्रृङ्लाकै नियमित प्रक्रिया हो। कम्युनिस्ट आन्दोलन, वर्गसङ्घर्ष र सर्वहारा क्रान्ति पनि गतिशील प्रक्रियाभित्रका अनन्त राजनीतिक श्रृङ्ला हुन्। यो यथार्थतालाई अस्वीकार गर्नेहरू क्रान्तिकारी बन्न सक्दैनन्। विज्ञान र कला, वस्तु र गति- परिस्थितिमाथि नेतृत्वदायी पहलकदमी लिनका लागि अनिवार्य पक्ष हुन्छन्।

तपाईं व्यक्तिगत हिसाबले उल्लेखित समग्र विषयप्रति सचेत, जवाफदेही र जिम्मेवार हुनुहुन्छ तथापि तपाईंले कम्युनिस्ट आन्दोलनमा अपेक्षित सफलता हासिल गर्न भने सक्नुभएन। यसका पछाडिको मुख्य कारण तपाईंको वरिपरि गतिहीन र स्वार्थी जमात केन्द्रीकृत हुनु अनि कुनै न कुनै रूपले यस प्रकारका तत्त्वहरूबाट तपाईं प्रभावित हुनु नै हो भन्ने कुराको आत्मसमीक्षा स्वयम् तपाईंबाट नै हुनुपर्दछ भन्ने मलाई लाग्दछ। यसबाट मुक्त हुन सक्नुभएको भए तपाईंको नेतृत्व-छाताबाट धेरै असल, योग्य र क्रान्तिकारी नेता-कार्यकर्ता समेत अलग हुनुपर्ने परिस्थिति शायद आउने थिएन। म स्वयम् पनि तपाईंको यही कमजोरीको सिकार एक पात्र हुनुको नाताले यतिखेर यो अनुभव साझा गरिरहेको छु।

तपाईंप्रति राजनीतिमा मेरो व्यक्तिगत गुनासो छैन, छ त केवल सम्मान, आदर र आलोचनात्मक दृष्टिकोणसहितको सकारात्मक सोच। राजनीतिक इमानका दृष्टिकोणले, अध्ययन-अनुसन्धान र विश्लेषण गर्ने क्षमताका हिसाबले, वर्गीय पक्षधरता, राजनीतिक इमान्दारिता र निष्ठाका दृष्टिकोणले अनि पृष्ठभूमि, इतिहास र निरन्तरताका हिसाबले तपाईं हामीभन्दा धेरै माथि हुनुहुन्छ। तपाईंको त्यो उचाई चुम्न हामी र हाम्रो पुस्ताले अझै धेरै ठूलो मेहनत र त्याग गर्न सक्नुपर्दछ। यस अर्थमा तपाईं म र मेरो पुस्ताका लागि राजनीतिक आदर्श र प्रेरणाको स्रोत हुनुहुन्छ। तपाईंसँग सँगै राजनीतिक सहयात्रा गरे वा नगरे, तपाईंले व्यक्तिगत रूपमा मलाई राम्रो माने वा नमाने- जुनसुकै स्थितिमा पनि मेरो दृष्टिकोण र नजरमा तपाईं निर्विवाद नेतृत्व र राजनीतिको सापेक्षित मार्गदर्शक नै हो र हुनुहुनेछ।

कमरेड किरण ! मलाई राम्ररी थाहा छ, मानिस सबै हिसाबले क्रान्तिकारी हुनु आफैंमा कठिन कार्य हो। झन् जीवनभर, अनवरत क्रान्तिकारी भइरहन सक्नु त्योभन्दा कयौं गुणा कठिन कार्य हो। तपाईं त्यो महान् कार्यमा उत्तीर्ण भइसक्नुभएको छ; हामी त परीक्षाको भर्खर प्रारम्भिक तयारीमा मात्र सीमित छौं। कम्युनिस्ट आन्दोलनको राजनीतिक इतिहासमा हामीले असल हुन, क्रान्तिकारी बन्न, आदर्शलाई पछ्याउन, निष्ठामा अडिन र बलिदानी भावनाले ओतप्रोत हुन तपाईंलाई जित्नु छ। यसका निम्ति तपाईंका असल, राम्रा र अनुकरणीय कामबाट मार्गदर्शन लिने र कमजोरीहरूको खुला, स्पष्ट र निश्चल आलोचना गर्ने पद्धतिको विकास गर्नु अनिवार्य हुन्छ। यो नै तपाईं र कम्युनिस्ट आन्दोलनमा तपाईंले पार गर्नुभएको राजनीतिक यात्राको निरन्तर विकासका निम्ति अपनाउनुपर्ने ऐतिहासिक तथा द्वन्द्वात्मक भौतिकवादी मार्ग हो र यो मालेमावादको मार्ग पनि हो। क्रान्तिकारी अभिवादन सहित !

*भरतपुर- ११, चितवन*
*३ कात्तिक, २०८२*

# चाडपर्वले राष्ट्रिय एकता बलियो बनाउन प्रेरणा प्रदान गर्दै आएको छ : प्रचण्ड

**काठमाडौं ।** नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) का महाधिवेशन आयोजक समितिका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले चाडपर्वले राष्ट्रिय एकता बलियो बनाउन प्रेरणा प्रदान गर्दै आएको बताएका छन् ।

शुभ-दीपावली, नेपाल संवत ११४६ एवं छठ पर्वका अवसरमा शुभकामना व्यक्त गर्दै संयोजक दाहाललले मौलिक सांस्कृतिक चाडपर्वले आपसी सहिष्णुता, भातृत्व र भावनात्मक एकता जागृत गर्न विशिष्ट योगदान पुर्‍याउँदै आएको बताएका हुन् । उनले परम्परादेखि नै मनाउँदै आइएका यस्ता पर्वहरूले देशको सार्वभौमसत्ता र भौगोलिक अखण्डता अक्षुण्ण राख्दै राष्ट्रिय एकता बलियो बनाउन प्रेरणा प्रदान गर्दै आएका बताए । वर्तमान जटिल राजनीतिक परिस्थितिलाई सहज बनाएर निर्वाचनमा जानुपर्ने धारणा व्यक्त गर्दै संयोजक दाहालले निर्वाचनलाई सुरक्षित र शान्तिपूर्ण रूपमा सम्पन्न हुने वातावरण निर्माण गर्नु अहिलेको प्रमुख आवश्यकता रहेकोतर्फ औँल्याएका थिए ।

'आमनिर्वाचनपछि राष्ट्रिय सहमतिमा अग्रगामी रूपान्तरणका लागि संविधान संशोधन गर्दै सामाजिक न्याय र सुशासनको नयाँ अध्याय प्रारम्भ गर्न सकिने हाम्रो विश्वास छ' संयोजक दाहालद्वारा जारी शुभकामना सन्देशमा उल्लेख गरिएको छ । देश तथा विदेशमा रहेका समस्त नेपाली जनसमुदायमा शुभकामना व्यक्त गर्दै सन्देशमा उनले मौलिक सांस्कृतिक चाडपर्वले आपसी सहिष्णुता, भातृत्व र भावनात्मक एकता जागृत गर्न विशिष्ट योगदान पुर्‍याउँदै आएको उल्लेख गरिएको छ । यी पर्वहरूले सार्वभौमसत्ता र भौगोलिक अखण्डता अक्षुण्ण राख्दै राष्ट्रिय एकता बलियो बनाउन प्रेरणा प्रदान गर्दै आएका उल्लेख गर्दै संयोजक दाहालको सन्देशमा चाडपर्वले सबैमा आशा र आत्मबलको नयाँ ऊर्जा जगाई राष्ट्रिय एकता र अग्रगमनका पक्षमा उत्प्रेरित गर्ने विश्वास व्यक्त गरिएको छ ।

# उच्च मूल्य पाउँदा ताप्लेजुङका अलैंची किसानलाई बगानमै उत्सव

**काठमाडौं ।** यस वर्ष उच्चमूल्य पाएपछि अलैँची टिप्न र सुकाउन व्यस्त ताप्लेजुङका किसानलाई उत्सव भैं लागेको छ । अलैँचीको टिप्ने मुख्य याम चलिरहेका बेला यो समय उनीहरू उत्सवभैं बगानमै रमाइहेका छन् ।

बिहानदेखि बेलुकीसम्म बगानमै खटिएका जिल्लाका अलैंची किसान धेरैजसो रातमा समेत भट्टिमै बस्न थालेका छन् । स्थानीय किसान रोशन लिम्बुले गाईबस्तु भएका केही सदस्य मात्रै बेलुका घर फर्कने र बाँकी सबै बगानमै बास बस्ने गरेको बताएका हुन् । अलैँची टिप्ने बेला गुमायो भने वर्षभरको मेहनत खेर जाने भएकाले बगानमै व्यस्त भएको उनले बताए ।

एक महिनादेखि बगानमै बसिरहेका फुङलिङ नगरपालिका-७ का किसान खाइडु शेर्पाले पारिवारसहित बगानमै दसैं समेत मनाए भने तिहार पनि बगानमै मनाउने तयारी भइरहेको सुनाए । 'चालीस वर्षदेखि अलैँचीखेती गरिरहेको छु' उनले भने 'छिमेकी भारतको सिक्किमबाट बिरुवा ल्याएर सुरु गरेका थियौं ।' भन्डै ८० रोपनी बगान लगाइएको अलैँची टिपाइपछि छोडाउने, सुकाउने र भट्टिमा तयारी गर्न एक हप्ताभन्दा बढी समय लाग्ने शेर्पाले बताए ।

ताप्लेजुङको बेँसी क्षेत्रमा भदौको पहिलो सातादेखि र लेकाली क्षेत्रमा मंसिरसम्म अलैँची टिपाइ गर्ने चलन छ । जिल्लाका ९ स्थानीय तहमध्ये फक्ताङलुङ-७ को ओलाङचुङगोलाबाहेक सबै वडामा अलैँचीखेती हुँदै आएको छ । अहिले करिब ४ हजार ४ सय ५० हेक्टर क्षेत्रफलमा व्यावसायिक रूपमै अलैँची खेती लगाइएको छ ।

यस वर्ष किसानले अलैँचीको मूल्य समेत उत्साहित बनाउने खालको पाएका छन् । ताप्लेजुङमा आइतबार मात्रै प्रतिमन (४०केजी) अलैँची ८८ हजार रूपैयाँमा खरिदबिक्री भइरहेको व्यवसायी कमल बरालले जानकारी दिए । यति मात्र होइन अलैँची बगानमा काम गर्ने मजदुरले समेत दैनिक पाँचदेखि सात सय रूपैयाँसम्म ज्याला पाउने गरेका छन् ।

# सीमापारिका प्लास्टिकजन्य फूलमाला: नेपालगञ्जका पुष्प व्यवसायी विस्थापित

**काठमाडौं ।** बाँकेमा व्यावसायिक रूप हुँदै आएको पुष्पखेती घट्दै गएपछि नेपालगञ्जलगायत आसपासका बजारमा फूलको अभाव देखिएको छ । भारतबाट आउने अवैध प्लास्टिकजन्य फूल-माला र अन्य फूलका कारण बाँकेमा पुष्प व्यवसायी क्रमशः विस्थापित हुँदै गएका हुन् ।

केही वर्ष अघिसम्म दर्जनौं संख्यामा व्यवसायिक पुष्पखेतीमा लागेका जिल्लाका महिला उद्यमीहरू पछिल्ला वर्षयता विस्थापित हुँदै गएको फ्लोरी कल्चर एसोसिएसन नेपालकी केन्द्रीय सदस्य तथा नेपालगञ्जकी पुष्प व्यवसायी बिन्दु चर्तीमगरले बताइन् । 'भारतबाट विनाभन्सार, विनाक्वारेन्टाइन र विनाजाँच विभिन्न किसिमका फूल-माला नेपालगञ्जमा आउने गर्दछन्' व्यवसायी बिन्दुको भनाइ थियो 'हामीले वर्षभरि दुःख गर्छौं, उत्पादन गर्छौं, हाम्रो मूल्य नै आउँदैन ।'

'पारिबाट लुकीचोरी ल्याएका फूलमाला सस्तोमा बिक्री हुने गर्दछ, हामीले मूल्य पनि पाउँदैनौं, मेहेनत गरेर उत्पादन गरेको फूलले बजार नपाउँदा विस्तारै पुष्प व्यवसायीहरू यो पेसाबाट विस्थापित हुँदै जान थाल्नुभएको छ' उनले भनिन् । सीमापारि भारतबाट आउने अवैध फूलमाला स्थानीय सरकार, प्रहरी प्रशासनले रोक्न नसक्दा विनाजाँच, विनाभन्सार र विनाक्वारेन्टाइन अवैध रूपमा नेपाल आउने प्लास्टिकलगायत फूलमालाका कारण बाँकेका पुष्प व्यवसायी कर्मामा परेकाले पुष्प व्यवसाय यो वर्ष कम भएको पुष्प व्यवसायी बिन्दुको भनाइ छ ।

विगतमा १७ जना महिला उद्यमीहरूले व्यवसायिक फूलखेती गर्दै आएको बाँकेमा दुई वर्षदेखि लगातार घाटा भइरहेका कारण अहिले अधिकांशले फूलखेती छाडेका छन् । 'स्थानीय तहले आफ्नो पालिकाभित्र प्लास्टिकजन्य फूल र बाह्य फूल बिक्री वितरण गर्न रोक लगाए पनि पुष्प व्यवसायीलाई केही राहत हुने थियो' उनको भनाइ थियो । यस वर्षको तिहारलक्षित फूलखेती कमै मात्रामा गरेको कोहलपुर नगरपालिका-३ बाँकेकी पुष्प व्यवसायी विष्णु चौधरीले बताइन् ।

'बाँकेमा फूलखेती मैले सुरुदेखि नै गरेँ, हरेक वर्ष तिहारमा व्यापार राम्रै हुन्थ्यो तर विगत दुई वर्षदेखि लगातार घाटा भयो' व्यवसायी चौधरीले भनिन् 'भारतबाट आउने फूलका कारण हामीले बिक्री गर्न सकेनौं, उनीहरूले सस्तोमा बिक्री गरेका कारण हामीले प्रतिस्पर्धा गर्न सकेनौं, हाम्रो लगानी नै नउठ्ने भएपछि तिहारमा फूलखेती कम गर्न थालेका छौं ।'

बाँकेमा फूलखेती घटेपछि हाल नेपालगञ्जमा फूलको अभाव भएपछि प्रतिकेजी पाँचदेखि आठ सय रूपैयाँसम्म तिर्नु परेको नेपालगञ्ज- २१ की उपभोक्ता सुजना थापाले बताइन् । तिहारको समयमा नेपालगञ्जको बागेश्वरी मन्दिरक्षेत्र वरिपरि प्रमुख चोक र बजार क्षेत्रमा भारतबाट आयातित फूल तथा प्लास्टिकको माला खुलेआम बिक्री भइरहँदा आफूहरू विस्थापित हुन बाध्य भएको स्थानीय पुष्पव्यवसायीहरू बताउँछन् ।

# चितवन र नवलपरासीमा बढे स्क्रब टाइफसका बिरामी

**काठमाडौं ।** चितवन र नवलपरासीका विभिन्न अस्पतालमा उपचारत विरामीमध्ये कतिपयमा स्क्रब टाइफसको संक्रमण फेला परेको छ ।

हालै चितवनका विभिन्न अस्पतालमा उपचारका लागि भर्ना भएका बिरामीमध्ये दुई सय ४६ जनामा स्क्रब टाइफसको संक्रमण फेला परेको हो । अस्पतालमा भर्ना भएका चार हजार एक सय ८ विरामीको परीक्षणका क्रममा उनीहरूमा स्क्रब टाइफसको संक्रमण पुष्टि भएको हो ।

जनस्वास्थ्य कार्यालय चितवनका किट नियन्त्रक राम केसीले संक्रमितमध्ये एक सय ८१ जना चितवनकै र बाँकी ६५ जना अन्यत्रका रहेको बताए । संक्रमितमध्ये भरतपुर महानगरपालिकाका २५, खैरहनी नगरपालिकाका ४३, माडी नगरपालिकाका ४, रत्ननगर नगरपालिकाका ६१, राप्ती नगरपालिकाका २०, कालिका नगरपालिकाका २३ एवं इच्छाकामना गाउँपालिकाका ५ जनामा सो संक्रमण देखिएको पनि उनले बताए ।

मुसाको कानमा वा अन्य जीवजन्तुमा हुने स्क्रब टाइफस संक्रमित किर्नाले मानिसलाई टोकेपछि सर्ने सो रोग भएका मानिसलाई उच्च ज्वरो आउने, आँखा रातो हुनु, खोकी, बान्ता, पेट दुखाइ र पखालाले सताउनु, सास फेर्न समस्या हुनु धेरै टाउको दुख्नु जोर्नी र मांसपेशी दुख्नु, बिमिरा देखिनु, टोकेको ठाउँमा कालो दागजस्ता लक्षण देखिने पनि केसीले बताए ।

उनले स्क्रब टाइफसबाट बच्न खेत, भाडी वा वनजंगलमा जाँदा लामो बाहुला भएको कपडा र उपयुक्त जुत्ता लगाउने र शरीरको खुला भागमा कीटनाशक मलमको प्रयोग गर्ने, घर वरिपरिका खेताबारीमा घाँस धेरै बढ्न नदिने र वातावरण सफा राख्ने, मुसा नियन्त्रणका लागि उपयुक्त किसिमको अन्न भण्डारण गर्नुपर्ने बताए ।

यसैगरी प्रदेश जनस्वास्थ्य कार्यालय नवलपरासी (बर्दघाट-सुस्तापूर्व) का अनुसार जिल्लामा स्क्रब टाइफस रोगबाट ४४ जना संक्रमित भएका छन् । कार्यालयका सूचना अधिकारी जनस्वास्थ्य अधिकृत छविलाल सुवेदीले पछिल्लो २० दिनमा स्क्रब टाइफसबाट नवलपुरमा २७ जना संक्रमित भएका जानकारी दिए । स्क्रब टाइफसको संक्रमण बढ्दो क्रममा देखिएको र हालसम्म ३८ जना निको भइसकेको र अन्यको चलिरहेको बताए ।

जिल्लामा डेङ्गी संक्रमण न्यून भए पनि स्क्रब टाइफस एक्कासि बढ्दै गएको भन्दै सुवेदीले यस रोगबारे सावधानी अपनाउनुपर्ने बताए । स्क्रब टाइफसका लक्षण डेङ्गीसँग मिल्दो जुल्दो भए पनि यो रोग मानव स्वास्थ्यका लागि डेङ्गीभन्दा ३० गुणा बढी घातक भएको उनले बताए ।

मानिसमा यो रोग एक प्रकारको 'माइट' (किर्ना)ले टोक्दा 'ओरेनसिया सुसुगामुसी' भन्ने ब्याक्टेरियाबाट लाग्ने सुवेदीको बताए ।

कार्यालय प्रमुख शैलेन्द्रकुमार सिंहले यस रोगको समयमै उपचार हुन नसकेमा संक्रमितको ज्यान जानसक्ने जोखिम रहेको बताए । यो रोगविरुद्ध कुनै खोप उपलब्ध नभएकाले त्यसबाट बच्न स्क्रब टाइफस संक्रमित माइटको टोकाइबाट बच्नु एक मात्र उपाय भएको सिंहले बताए । स्क्रब टाइफस सार्ने माइटहरू स-साना बोट बिरुवाका भाडी तथा त्यहाँ बस्ने मुसाका कानमा पाइने जानकारी दिँदै सिंहले सकेसम्म यस्ता भाडी भएका ठाउँबाट टाढा रहन सुझाव दिए ।

घर बाहिर यस्ता ठाउँमा काम गर्नुपरेमा माइट निवारक स्प्रे प्रयोग गरेर काम गर्नुपर्ने सिंहको सुझाव छ । शरीरमा रातो बिबिरा आउने, टाउको दुख्ने, जिउ गल्ने, मांसपेसी दुख्ने, टोकेको ठाउँमा रातो दाग देखिने तथा १०४ डिग्री 'फरेनहाइट'भन्दा बढी ज्वरो आउने यस रोगको लक्षण भएको उनले बताए ।

स्क्रब टाइफससँग मिल्दोजुल्दो लक्षण देखिएमा तुरुन्त अस्पताल जानुपर्ने भन्दै उनले चिकित्सकको परामर्शविना दुखाइ कम गर्ने औषधि सेवन गर्न नहुने बताए ।


Why to choose us?

No Load Shading Problem
Sufficient Inverter System

24 Hrs. Internet Facilities

Well-equipped Computer Lab
with Desktop PCs and Laptops

Daily 2 Hrs. Shifts for
Morning, Day & Evening Time

Experienced Instructors

Computer Software Training
Computer Hardware/Maintenance Training
Mobile & Electronics Training
English Language & Tuition



Govt. Regd.
No.: 34623/523

Multichannel Institute
Narayantar, Jorpati, Kathmandu, Ph. No.: 01-4911021

# कैलालीका किसानलाई धानबाली भित्र्याउने चटारो

**काठमाडौं ।** दसैं सकिएर तिहार र छठ नजिकँदै गर्दा यतिबेला कैलालीका किसानलाई खेतबारीमा पाकेको धानबाली भित्र्याउने भ्याइनभ्याइ भएको छ । किसानले वर्षभरिका लागि जोहो गरेर परिवार पाल्ने धान लटरम्म पाकेपछि चाडपर्वको पर्वाह नगरी स्थानीयहरू धान भित्र्याउन बिहानदेखि खेतमै खटिएका छन् ।

जिल्लास्थित धनगढी उपमहानगरपालिका-२ भन्सार कटानका किसान नरबहादुर विष्टले खेतमा लटरम्म पाकेको धान बेलैमा नभित्र्याए पानीले बिग्रिने भन्दै चिन्ता व्यक्त गरे 'हिजोआज घरको सबै काम छोडेर खेतमै बढी समय बित्ने गरेको छ, झिसमिसे अध्याँरो समयसम्म खेतमै हुन्छौं र बिहान सबेरै खेतमा जान्छौं' उनले सुनाए। हिजोआज जिल्लाका अधिकांश किसानहरू खेतबारीमै व्यस्त देखिन्छन् । खेतमा धान काट्दै गरेका अर्का किसान सुकराम चौधरीले खेतमा काटेको धान थ्रेसन गर्नको लागि पालो कुर्नु परेको बताए। चाडपर्व नजिकिएकाले धान भित्र्याउनका लागि आफूहरूलाई अझै भ्याइनभ्याइ भएको उनले बताए ।

हातैले धान काट्ने र धानको मुठा चुटेर परम्परागत तरिकाले धान भित्र्याउने गरेका किसानहरू यतिबेला आधुनिक उपकरणहरू प्रयोग गरी धान भित्र्याउन लागि परेका छन् । विगतमा एक-अर्कासँग आलोपालो र अर्मपर्म गरेर हातैले धान काट्ने, चुट्ने र भित्र्याउने किसानहरू हिजोआज ती परम्परा विस्थापित हुन थालेको बताउँछन् । नेपालीको अर्को महत्वपूर्ण पर्व शुभ-दिपावली सुरु भइसकेको जिल्लाका किसानहरूलाई वर्ष दिन धान्ने धानबाली भित्र्याउने कामका झनै हतारो थपेको छ । थोरै खेत हुने साना किसानहरूले धान काटेर थ्रेसर गरी घरमा भित्र्याइ पनि सके ।

# सरकारले तोकेको समर्थन मूल्य कार्यान्वयन नगरे कारबाही हुन्छ : मुख्यमन्त्री

**काठमाडौं ।** सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले सरकारले तोकेको धानको समर्थन मूल्य व्यापारीले कार्यान्वयन नगरेको पाइएमा कारवाहीको दायरमा ल्याइने बताएका छन् । सरकारले निर्धारण गरेको धानको समर्थन मूल्य नपाएको गुनासो किसानबाट आएपछि मुख्यमन्त्री शाहले त्यस विषयमा अनुगमन गर्न कैलालीका प्रमुख जिल्ला अधिकारीलाई निर्देशन दिएका हुन् ।

प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद लम्साललाई टेलिफोन सम्पर्क गरी अनुगमन गर्न निर्देशन दिएका मुख्यमन्त्री शाहले सरकारले तोकेको समर्थन मूल्य कार्यान्वयन नगरेको पाइएमा त्यस्ता व्यापारीहरूलाई कारवाहीको दायरामा ल्याउन समेत निर्देशन दिए । सरकारले निर्धारण गरेको धानको मूल्य किसानले पाउनुपर्नेमा उनको जोड थियो ।

यसअघि २०८२ असोज ३१ गते प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद लम्सालले सार्वजनिक सूचनामार्फत मोटो धानको मूल्य प्रतिक्वीन्टल तीन हजार चारसय ६३ दशमलव ८१ र मध्यम धानको मूल्य प्रतिक्वीन्टल तीन हजार ६ सय २८ दशमलव ३३ निर्धारण गरिएको जानकारी गराएका थिए ।

सूचनामा सरकारले निर्धारण गरेको समर्थन मूल्यमा धान खरिद बिक्री गर्न र सरकारको निर्णय कार्यान्वयन गराउन सबै पालिकालाई आग्रह गरेका प्रजिअ लम्सालले छठ लगत्तै जिल्लाका सबै स्थानीय तहमा अनुगमन गर्ने गरिने जानकारी दिए ।

# गाजामा मारिएका जोशीको महाकालीमा दाहसंस्कार : परिवारसहित सिंगो देशै शोकमग्न

**काठमाडौं ।** हमासको कब्जामा परेर दुई वर्षदेखि सकुशल रिहाइको प्रतिक्षामा बसेका बाबुआमासहित परिवार र सारा नेपालीले कञ्चनपुरका विपीन जोशी जिवित नरहेको खबर एक साताअघि मात्रै प्राप्त गऱ्यो । हमासले बन्धक बनाएकै अवधिमा गाजामा इजरायली बम आक्रमणमा परी मृत्यु भएका जोशीको शव सोमबार साँझ भीमदत्त नगरपालिका-३ स्थित उनको निवासमा पुऱ्याइएको हो ।

मंगलबार बिहान जोशीको शवयात्रापछि महाकाली नदीस्थित भुजेलाघाटमा अन्तिम दाहसंस्कार गरिएको छ। शवयात्रामा स्थानीय तहका जनप्रतिनिधि, प्रशासनिक निकाय र सुरक्षा निकायका पदाधिकारीका साथै सयौं स्थानीयवासी सहभागी थिए । जोशीको पार्थिव शरीरमा कञ्चनपुरका प्रमुख जिल्ला अधिकारी लक्ष्मण ढकालले राष्ट्रिय झण्डा ओढाएर सम्मान व्यक्त गरेका थिए । त्यसपछि शसस्त्र प्रहरी बलको एक टुकडीले विपिनलाई सलामी अर्पण गरेको थियो । जोशीको शवलाई सशस्त्र प्रहरी बल नेपालको एक टुकडीले सलामी अर्पर्ण गरेको जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका प्रहरी नायव उपरीक्षक सागर बोहराले जानकारी दिए ।

दुई वर्षदेखि हमासको नियन्त्रणमा रहेका विपिनको सोही अवधिमा मृत्यु भएको खबर सार्वजनिक भएपछि परिवारसहित सिंगो देश शोकमा डुबेको थियो । हमासको आक्रमणमा परी विपिनसँगै रहेका सुदूरपश्चिमका आठ विद्यार्थीले उही बेला ज्यान गुमाएका थिए भने उनलाई भने हमासले नियन्त्रण लिएको राखेको थियो । इजरायलले उल्लेख गरेको 'फरेन्सिक रिपोर्ट' अनुसार इजरायल-हमास युद्धमा हमासले बन्धक बनाएर टाउकोमा गोली हानी विपीनको हत्या गरिएको उल्लेख छ । इजरायलको 'द नेसनल सेन्टर अफ फरेन्सिक मेडिसिन' को उक्त परीक्षण रिपोर्टमा टाउकोमा गोली लागेर मृत्यु भएको उल्लेख गरिएको छ ।

विपिनको खोजीका लागि राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरमा दबाब बढाइए पनि अन्ततः विपिन जिवित नभएको हमासले बताएको थियो । विभिन्न प्रक्रिया पुरा गरी सोमबार दिउँसो काठमाडौं ल्याइएको उनको शव साँझ अबेरमा महेन्द्रनगरस्थित घरमा पुऱ्याइएको थियो । भुजेलाघाटमा बुवा महानन्द जोशी र ठुलोबुवा रामदत्त जोशीले दागबत्ती दिए । नेपालका लागि इजरायली राजदूत समुलिक एरी बासले भुजेलाघाटमै पुगेर इजरायली राष्ट्रपतिको शोक सन्देश सुनाउँदै विपिनको शवमा इजरायली झण्डा ओढाएका थिए । राजदूत नेतृत्वको टोली शवसँगै काठमाडौंबाट विपिनको अन्त्येष्टीसम्म सहभागी भयो ।

बाबुआमाले बुढेसकालको सहारा, बहिनीले प्रिय दाजु र मुलुकले आफ्नो नागरिक सकुशल फर्कने आशामा गुजारेको दुई वर्षलाई विराम लगाउँदै बाकसमा विपीनको शव फर्किएपछि यतिबेला भीमदत्त नगरपालिका-३ भाषीस्थित मालिकार्जुन टोलमा सन्नाटा छाएको छ । अध्ययनको सिलसिलामा दुई वर्षअघि इजरायल पुगेका विपीनको हमासको नियन्त्रणमै रहेको बेला हत्या भए पनि सो खबर सार्वजनिक नहुँदासम्म बन्धकहरूको चरणबद्ध रूपमा रिहा भइरहँदा उनी पनि सकुशल रिहा हुने सबैलाई आशा थियो ।

विपिनकी आमा पद्मा र बहिनी पुष्पा उनको सकुशल रिहाइका लागि इजरायल, अमेरिकासम्म पुगेका थिए । विपिनको परिवारसँगै सबैतिरबाट रिहाइका लागि भएको प्रयास सार्थक हुन सकेनन् । जोशी जिवित नरहेकोबारे हमासले गत असोजको अन्तिम साता मात्रै सार्वजनिक गरेको थियो । हमासले विपिन मारिएको विषय सार्वजनिक गरे पनि सोमबार बिहानसम्म आमा पद्मालाई विपिनको अवस्थाका बारेमा जानकारी दिइएको थिएन । बहिनी पुष्पाले दाइको निधनको खबरले आधिकारिता पाएपछि घरमा तिहारका लागि तयार पारिएका सयपत्री फूल उखेलेको जोशी परिवारले बताए ।

'बहिनी पुष्पा यसपाली भाइटीकामा दाजुसित भेट हुनेछ भन्ने आशामा थिइन्' पारिवारका सदस्य किशोर जोशीले भने 'लक्ष्मीपूजाका दिन विपिनको शव आँगनमा आइपुग्दा परिवार शोकमा डुबेको छ ।' दुई वर्षदेखि विपिन आउने प्रतिक्षामा रहेको जोशी परिवार सम्हालिन सकेका छैनन् । दाजुभाइको सुख, समृद्धि र दीघार्युको कामना गर्दै भाइटीका लगाउने पर्वको मुखैमा दाजुको शव घरमा पुगेपछि बहिनी पुष्पा सम्हालिन सकेकी छैनन् । दुई वर्षदेखि भाइटीका लगाउने आशा बोकेर बसेकी पुष्पा आमासँगै दाइको रिहाइका लागि इजरायल हुँदै अमेरिकासम्म पुगेर हरसम्भव प्रयास गरे पनि विडम्बना बहिनी र आमा अमेरिकामै रहेका बेला विपीन अस्ताएको दुःखद् खबर सुन्नुपऱ्यो ।

'भाइ फर्किने ठूलो आशा थियो' परिवारका सदस्य किशोरले भने 'तर सबै सपनामाथि बज्रपात भएको छ । बोल्ने र भन्ने शब्द नै रहेन ।' सोमबार दिउँसो काठमाडौं ल्याइएको विपिनको शव नेपाली सेनाको स्काइ ट्रकबाट बेलुकी अबेर धनगढी पुऱ्याइएको थियो । उनको शव परिवारलाई हस्तान्तरण गर्न नेपालस्थित इजरायली दूतावासका पदाधिकारी विपिनको घरसम्म पुगेका किशोरले बताए ।

दुई वर्षअघि सुदूरपश्चिम विश्वविद्यालयको 'लर्न एण्ड अर्न' कार्यक्रमअन्तर्गत इजरायल पुगेका विपिन इजरायल पुगेको एक महिनामै हमासको आक्रमणमा परी बन्धक बनाइएका थिए। उक्त आक्रमणमा परेर सुदूरपश्चिम विश्वविद्यालयका १० विद्यार्थीको मृत्यु भएको थियो भने विपिनलाई बन्धक बनाइएको थियो । इजरायल र हामासबीच युद्धबिराम भएपछि विपिनको मृत्यु भएको पुष्टि भएको थियो ।

# पहाडी भूभागमा आंशिक बदलीसहित हल्का हिमपातको सम्भावना

**काठमाडौं ।** जल तथा मौसम विज्ञान, मौसम पूर्वानुमान महाशाखाकाले कर्णाली र सुदूरपश्चिम प्रदेशमा पश्चिमी वायुको आंशिक प्रभावले रहेको जनाएको छ ।

महाशाखाका अनुसार बिहीबार दिउँसो सबै प्रदेशका पहाडी भूभागमा आंशिक बदली तथा बाँकी भू-भागमा मौसम मुख्यतया सफा रहनेछ। सोही अवधिमा सबै प्रदेशको पहाडी तथा हिमाली भूभागका एक-दुई स्थानमा हल्का वर्षा र हिमपातको सम्भावना छ ।

रातको समयमा सबै प्रदेशका पहाडी भूभागमा आंशिक बदली तथा बाँकी भूभागमा मौसम मुख्यतया सफा रहनेछ । कोशी र गण्डकी प्रदेशको पहाडी तथा हिमाली भागका एक-दुई स्थानमा हल्का वर्षा र हिमपातको सम्भावना रहेको पनि महाशाखाले उल्लेख गरेको छ ।

# सहिद इन्दिरा-राधा प्रथम वाईसीएल फुटबल : रतन्छा विजयी

**काठमाडौं ।** खोटाङस्थित दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका-७ दोर्पाचिउरीडाँडामा आयोजित 'सहिद इन्दिरा-राधा प्रथम वाइसीएल कप फुटबल प्रतियोगिता'को उपाधि साकेला गाउँपालिका-२ रतन्छाले हात पारेको छ ।

'विचारसँगै खेलकुदमा युवा, सामाज रूपान्तरणमा वाइसिएलका युवा' भन्ने नाराका साथ योङ कम्युनिस्ट लिग (वाइसीएल) नेपाल वडा कार्यसमिति दोर्पाचिउरीडाँडाले आयोजना गरेको फुटबल प्रतियोगिताको सोमबार सम्पन्न फाइनल खेलमा दिक्तेल रूपाकोट मझुवागढी-२ सोल्मालाई ४-१ गोल अन्तरले पराजित गर्दै रतन्छाले उपाधि चुमेको हो । खोटाङ जिल्लाका विभिन्न स्थानीय तहका २६ टोलीले सहभागिता जनाएका वडास्तरीय फुटबल प्रतियोगितामा केपिलासगढी गाउँपालिका-३ बास्पानी र साकेला गाउँपालिका-५ मात्तिमले सेमिफाइनलिष्टमा पुगेका छन् । स्थानीय दोर्पा खेलमैदानमा आयोजना गरिएको प्रतियोगिताका विजेता, उपविजेता तथा सेमिफाइनलिष्ट दुई वटा टोलीले नगद पुरस्कार क्रमशः ३० हजार, २० हजार र १०/१० हजारका साथमा ट्रफी, मेडल र प्रमाणपत्र प्रदान गरिएको वाइसीएल वडा कार्यसमितिका अध्यक्ष उत्तम राईले जानकारी दिए ।

प्रतियोगिताको विद्यागततर्फ अनुशासित टोलीमा बास्पानी, उत्कृष्ट खेलाडीमा रतन्छाका बालकेसर राई, सर्वाधिक गोलकर्तामा साकेला फुटबल क्लबका अल्बर्ट राई, उत्कृष्ट मिडफिल्डरमा सोल्माका विकास राई, उत्कृष्ट डिफेन्डरमा सोल्माकै सनम राई, उत्कृष्ट गोलरक्षकमा रतन्छाका रितेस राई र उत्कृष्ट प्रशिक्षकमा रतन्छाकै एञ्जल राई घोषित भएको निर्णायक मण्डलले बताएको छ। प्रतियोगिता अवधिभरका अनुशासित टोली बास्पानीलाई नगद तीन हजार तथा अन्यलाई नगद दुई/दुई हजारका साथमा ट्रफी, मेडल र प्रमाणपत्र प्रदान गरिएको आयोजकले जानकारी दिएको छ। प्रतियोगिताका विजयी टोली तथा खेलाडीलाई सहिद दिलकाजी-ठूलकुमार स्मृति प्रतिष्ठान नेपाल खोटाङका अध्यक्ष सुरेशकुमार राई, जिल्ला खेलकुद विकास समितिका अध्यक्ष रमेश राई, वाइसीएल खोटाङका अध्यक्ष भूपेन्द्र किरातीलगायतले संयुक्त रूपमा नगदसहितको पुरस्कार वितरण गरेका थिए ।

अघिल्लो महिना असोज ३० देखि सुरु भएको फुटबल प्रतियोगिताको औपचारिक उद्घाटन नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)का केन्द्रीय सदस्य एवं संविधानसभा सदस्य दुर्गाजयन्ती राईले गरेकी थिइन् । तत्कालीन नेकपा माओवादीको दशवर्षे जनयुद्धका क्रममा तत्कालीन शाही नेपाली सेनाले गोली हानी हत्या गरेका सहिदहरू (इन्दिरा कार्की 'हिमाली' र राधा भुजेल 'अनिशा') को सम्मान तथा सम्झनामा वडास्तरीय फुटबल प्रतियोगिता आयोजना गरिएको आयोजकले जनाएको छ ।

सहिद इन्दिराको विसं २०५९ असार ३१ गते खोटाङको टुवाखोलामा पति, माओवादी खोटाङका नेता दिलकाजी कार्कीसहित, राधाको विसं २०६३ जेठ १ गते सर्लाहीमा हत्या भएको माओवादी केन्द्र खोटाङका संयोजक दीपक पाण्डेले जानकारी दिए । सो प्रतियोगिताका लागि देश तथा विदेशमा रहेका शुभेच्छुकले स्वतःस्फूर्त रूपमा पुरस्कार राशि तथा व्यवस्थापनका लागि आवश्यक खर्च उपलब्ध गराएको माओवादी केन्द्र प्रदेश समिति सदस्य रविन खम्बुले जानकारी दिए। वाइसीएल नेपाल वडा कार्यसमितिको आयोजनामा जिल्लामै पहिलो पटक वडास्तरीय फुटबल प्रतियोगिता आयोजना गरेपछि खेलाडी समेत उत्साहित भएका छन् ।

# मार्सीधान भित्र्याउन जुम्ली किसानलाई भ्याइनभ्याइ

**काठमाडौं ।** यतिबेला जुम्ली किसान खेतमा लटरम्मै पाकेको मार्सीधान भित्र्याउन भ्याइनभ्याइ छ । देशभर दोस्रो ठूलो पर्व तिहारको चहलपहल चलिरहेको बेला जुम्लाका किसान पर्व मनाउँदै वर्ष दिन धान्ने मार्सीधान भित्र्याउन व्यस्त देखिएका छन् । बिहानैदेखि धानखेतमा पुगेका जुम्ली किसान बेलुकी अबेरसम्म धान काट्नमै व्यस्त बन्ने गरेको चन्दननाथ नगरपालिका-२ का स्थानीय लक्ष्मी कुमाईले सुनाइन् । जिल्लाका अधिकांश किसान दसैं सकिएलगत्तै खेतमा पहेँलपुर पाकेको धान भित्र्याउने चटारोले घरआँगनमा आएको तिहार पर्वको तयारीमा लाग्न समेत पाएका छैनन् ।

कृषि विकास कार्यालय जुम्लाका प्रमुख रामभक्त अधिकारीले जुम्लाको पहिचानका रूपमा रहेको मार्सीधान खेती गर्ने आफ्नै क्यालेन्डर रहेको जानकारी दिँदै सोही आधारमा जिल्लाका किसानहरू धान भित्र्याउन फाँटहरूमा व्यस्त रहेको बताए। यस वर्ष किसानलाई मौसमले पनि साथ दिएको उनले बताए। कार्यालय प्रमुख अधिकारीले क्यालेन्डर अनुसार चैतमा बीउ राख्ने, जेठदेखि असारसम्म रोपाइँ गर्ने, साउन भदौमा गोड्ने र असोज-कात्तिकभित्र धान काट्ने र भित्र्याउने गरिएको बताए। अहिले जुम्लाका किसानहरूलाई बर्खेबाली धानसहित कोदो, सिमी र फापरलगायतका अन्नबाली भित्र्याउने चटारो छ ।

कृषि कार्यालयका अनुसार आव २०८०/८१ मा जुम्लामा ३ हजार मेट्रिकटन मार्सी धान उत्पादन भएकामा २५० मेट्रिकटन जिल्लाबाहिर निर्यात भएको थियो । जिल्लाभर २ हजार ८५० हेक्टर क्षेत्रफलमा धानखेती हुने गरेकामा पछिल्ला वर्षहरूमा क्रमशः मार्सीधान लगाउने क्षेत्रफल घट्दै गएको कार्यालयले जनाएको छ। कृषि विकास कार्यालयका अनुसार गत वर्ष एक हजार ५०० हेक्टरमा लगाएको मार्सीधान खेती यस वर्ष एक हजार २०० हेक्टरमा मात्र लगाइएको छ । पछिल्लो समय मार्सीधानबाहेक कृषि अनुसन्धान केन्द्रले सिफारिस गरेको धानको जातमध्ये चन्दननाथ-एक र चन्दननाथ-तीन का साथै लेकाली-एक र लेकाली- तीन जातको धान रोप्न थालेका छन् ।

जुम्ली मार्सीधान पहिचानसँग जोडिएको छ। अहिले मार्सी चामल सदरमुकाम खलंगामा प्रतिकेजी १८० रूपैयाँमा किनबेच भइरहेको छ । विशेषगरी जुम्ला घुम्न आउने आन्तरिक तथा बाह्य पर्यटकले मार्सी चामल लिने गरेको सदरमुकामस्थित रारालिही अर्ग्यानिक पसलका सञ्चालक अर्जुन बुढाले जानकारी दिए ।

# 'नेतृत्वको फैसला महाधिवेशनले गर्छ, 'जेन–जी' प्रदर्शनका घटनाको निष्पक्ष छानबिन हुनुपर्छ'

**भक्तपुर ।** नेपाल कम्युनिस्ट पार्टी (एमाले) का उपमहासचिव प्रदीप ज्ञवालीले आगामी मंसिरमा हुने पार्टी महाधिवेशनले नेतृत्वको फैसला गर्ने बताउँदै 'जेन-जी' प्रदर्शनका क्रममा भएका घटनाको निष्पक्ष छानबिन हुनुपर्नेमा जोड दिएका छन् ।

एमाले भक्तपुर जिल्ला कमिटीद्वारा आयोजित शुभकामना आदानप्रदान एवं चियापान कार्यक्रममा उनले निर्धारित मितिमा नै महाधिवेशन हुने र त्यही महाधिवेशनले नेतृत्वको फैसला गर्ने बताएका हुन् । भरखरै तीन दिनसम्म चलेको केन्द्रीय कमिटी बैठकमा पार्टीका बारेमा सविस्तार छलफल गरिएको उल्लेख गर्दै उनले त्यस क्रममा नेतृत्वमाथि उठाइएको प्रश्नको निरूपण गर्न महाधिवेशनको मिति निर्धारण गरिएको दावी गरे ।

'बैठकमा केही साथीहरूले नेतृत्वमाथि प्रश्न उठाएपछि अनुत्तरित हुन सकिँदैन, पार्टीको सार्वभौमसत्ता पार्टीका कार्यकर्ताहमा निहित हुने भएकाले त्यही जाऔं भन्ने कुरा भयो । अब महाधिवेशनले कसलाई नेता र नेतृत्वमा ल्याउन भन्छ, कस्तो नीति बनाउ भन्छ त्यही फैसलाअनुसार अगाडि बढ्छौं' उपमहासचिव ज्ञवालीको भनाइ थियो ।

कार्यक्रममा एमाले प्रचार विभाग प्रमुख राजेन्द्र गौतम, पोलिटब्यूरो सदस्य महेश बस्नेत, नेपाली कांग्रेस भक्तपुरका सभापति दुर्लभ थापा, एमाले भक्तपुर जिल्ला अध्यक्ष बचन देउजा, एमाले जिल्ला उपाध्यक्ष एवं बागमती प्रदेशका स्वास्थ्यमन्त्री किरण थापालगायतले 'जेन-जी' प्रदर्शनका क्रममा भएका घटनाको निष्पक्ष छानबिन गर्नुपर्नेमा जोड दिए ।

# पार्टीमा आबद्ध हुनेबारे छलफल भएको छैन : घिसिङ

**काठमाडौं ।** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री कुलमान घिसिङले आफू कुनै पार्टीमा आबद्ध हुने विषयमा छलफल नभएको स्पष्ट पारेका छन् ।

मन्त्री घिसिङले आफूलाई 'उज्यालो नेपाल पार्टी'को आबद्धता र उक्त पार्टीको अध्यक्ष बनाउन लागिएको भन्ने विषयमा विभिन्न सामाजिक सञ्जाल एवं सञ्चारमाध्यममा जोडेर प्रकाशन भएका समाचारप्रति गम्भीर ध्यानाकर्षण भएको बताएका हुन् ।

'सूचना र समाचारमा उल्लेख गरिएजस्तो उक्त पार्टीमा मेरो आबद्धताका बारेमा कुनै किसिमको छलफल भएको छैन । प्रचार गरिएजस्तो 'जुम' बैठकमा मेरो सहभागिता समेत नरहने प्रष्ट पार्दछु' उनले भनेका छन् 'मसँग कुनै छलफल र सल्लाह नै नगरी दुषित मनसायका साथ असत्य तथा तथ्यहीन सामग्री प्रचारप्रसार गरिएको हुँदा यसको खण्डन गर्दछु र सबैलाई त्यस्ता भ्रममा नपर्न अनुरोध गर्दछु ।'

# प्रतिनिधिसभा विघटनविरुद्ध सर्वोच्चमा १६ रिट निवेदन दर्ता

**काठमाडौं ।** प्रतिनिधिसभा विघटनविरुद्ध यसअघि ११ वटा रिट निवेदन दर्ता भएको सर्वोच्च अदालतमा थप पाँच रिट निवेदन दर्ता भएसँगै आइतबारसम्म १६ वटा रिट निवेदन दर्ता भएको छ । दर्ता भएका निवेदनहरू संवैधानिक इजलास सुनुवाइ लागि यही कात्तिक १२ गते पेसी तोकिएको हो ।

सर्वोच्च अदालतका प्रवक्ता अर्जुनप्रसाद कोइरालाका अनुसार प्रधानमन्त्रीको नियुक्ति बदर, संसद विघटन बदर एवं संसद पुनर्स्थापना समेतमा उत्प्रेषण, परमादेश आदेशको माग गर्दै आइतबारसम्म १६ रिट निवेदन दर्ता भएका छन् । भदौ २४ गते भएको जेनजी प्रदर्शनमा अदालतमा आगजनी, ढुङ्गामुढा, तोडफोड र लुटपाटबाट क्षति भएपछि बन्दी प्रत्यक्षीकरणका निवेदन तथा अत्यावश्यक निवेदन दर्ता र सुनुवाइबाहेक सबै काम स्थगित भएको थियो । गत असोज २८ गतेदेखि रिट निवेदन दर्ता र सुनुवाइ खुलेपछि प्रतिनिधिसभा विघटनविरुद्ध रिट निवेदन आएका हुन् ।

रिट निवेदन पेस गर्नेहरूमा अधिवक्ता डा प्रेमराज सिलवाल, युवराज पौडेल, अधिवक्ता कीर्तिनाथ शर्मा पौडेल, आयुष बडाल, मकबुल मियाँ, अधिवक्ता खडकबहादुर शाह, डम्बरप्रसाद शिवाकोटी, अधिवक्ता दलबहादुर धामी, प्रकाश भुजेल, विपिन ढकाललगायत रहेका छन् । असोज २६ गते प्रधानन्यायाधीश प्रकाशमान सिंह राउतसहित सम्पूर्ण न्यायाधीशको पूर्ण बैठकले रिट निवेदन दर्ता एवं सुनुवाइ गर्ने निर्णय गरेको थियो ।

# सामूहिक आक्रमणमा परी एकै परिवारका चार जना घाइते

**सिरहा ।** मिर्चैया नगरपालिका- ३ स्थित छड्की टोलमा आइतबार साँझ एक परिवारमाथि आक्रमण हुँदा चार जना घाइते भएका छन् ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालका अनुसार, घाइते हुनेमा ६० वर्षीय शिवनन्दन यादव, उहाँको श्रीमती दुर्गीदेवी यादव, छोरा जमाहिर यादव र बुहारी रीता यादव छन् । गम्भीर घाइते रिता यादवलाई उपचारका लागि जनकपुर पठाइएको छभने अन्यको मिर्चैयामै उपचार भइरहेको छ ।

पीडितका अनुसार १५/२० जनाको समूहले घरमै आएर खुकुरी, रड, भाटालगायतका हतियारले आक्रमण गरेका थिए । प्रहरीले घटनामा संलग्नताको आरोपमा आज मिर्चैया-३ का पूर्ववडाध्यक्ष हरिकुशियैत यादवसहित किशोर यादव, अशोक यादव, जगदीश यादव गरी चार जनालाई नियन्त्रणमा लिएको जनाएको छ । उनीहरू छिमेकी गाउँ सिसबोनीका हुन् । घटनाको कारणबारे अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# भ्रष्टाचार रोक्न पाँच सय र एक हजारका नोट बन्द गर्न माग

**काठमाडौं ।** नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीले पार्टीको हालै सम्पन्न तेस्रो विशेष बैठकका १७ बुँदे निर्णय सार्वजनिक गरेको छ । आज यहाँ एक पत्रकार सम्मेलन गरी असोज २६ देखि ३० गतेसम्म बसेको तेस्रो विशेष बैठकका निर्णयहरू सार्वजनिक गरेको हो ।

पार्टीका महासचिव नेत्रविक्रम चन्द विप्लवद्वारा जारी विज्ञप्ति पार्टीका प्रवक्ता खडक विश्वकर्मा 'प्रकाण्ड'ले सार्वजनिक गर्नुभएको थियो । सो पार्टीले रु ५०० र एक हजार दरका नोट खारेज गर्न माग गरिएको छ । समिति बैठकका निर्णयहरूमा भ्रष्टाचार रोक्न ती दरका नोट खारेज गरी नयाँ दरका नोट छाप्नुपर्ने सो पार्टीले माग गरेको हो ।

त्यस्तै कृषि उत्पादन बढाउँदै 'एकीकृत स्वामित्व' अन्तर्गत एउटा उद्योग सञ्चालन गर्ने नेकपाले निर्णय गरेको छ । विगतदेखि नै पार्टीलाई उत्पादनसँग जोड्दै आएको नेकपाले यो वर्ष बर्खेबाली उत्पादन सोचेभन्दा राम्रो भएको र हिउँदे बाली उत्पादनलाई पनि व्यवस्थित गर्ने निर्णय गरेको हो ।

पार्टीका महासचिव विप्लवले जेनजी युवाहरूको विद्रोहपछि नयाँ कम्युनिष्ट केन्द्र बनाउने गरी नेकपा माओवादी केन्द्रलगायत घटकहरूसँग छलफल चलिरहेको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "अब पहिलेको जसरी कम्युनिष्ट आन्दोलन अगाडि बढ्न सक्दैन । नयाँ बहस आवश्यक भएकाले अब माओवादीसँग पनि यही ढङ्गले छलफल भइरहेको छ ।"

यसैगरी बैठकले जेनजी विद्रोह सफल भए पनि जेनजीहरू आफ्नो 'एजेन्डा'अनुसार अघि बढ्न नसकेको निष्कर्ष निकालेको छभने जेनजी विद्रोहपछि कम्युनिष्टहरूबीचको एकता र नयाँ कम्युनिष्ट केन्द्र निर्माणको आवश्यकता झनै जरुरी रहेको निष्कर्ष निकालेको छ । यसअनुसार नेकपाले समाजवादी मोर्चामा आबद्ध पार्टी, माओवादी घटक, सबै कम्युनिस्ट पार्टीसँग छलफल बढाउने र आफ्नो ठाउँमा जुनसुकै योगदान गर्न तयार रहने निर्णयसमेत गरेको विज्ञप्तिमा उल्लेख छ ।

# मकै सुपरजोन देउखुरीमा वर्षमै तीनबाली मकैखेती

**काठमाडौं ।** हिउँदे, वसन्ते र बर्खे गरी तीन बाली मकैखेती हुँदै आएको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना (मकै सुपरजोन) अन्तर्गत दाङको देउखुरी क्षेत्रमा मकै उत्पादन समेत बढेको छ ।

परियोजनाका सूचना अधिकारी चन्द्रशोभा कँडेलले तीन बाली लगाउँदा ३२ हजार मेट्रिक टन बढी उत्पादन हुने गरेको जानकारी दिएकी हुन् । उनका अनुसार आर्थिक वर्ष २०८०/८१ मा मात्र ३२ हजार ८ सय ९४ मेट्रिक टन मकै उत्पादन भएको र वर्षेनी उत्पादन बढिरहेको छ । आर्थिक वर्ष २०७९/८० मा २६ हजार ४ सय ५५ मेट्रिक टन मकै उत्पादन भएको थियो । देउखुरी क्षेत्रमा रामपुर हाइब्रिड-१० जातको मकै लगाउने गरिएको छ । वर्षेनी तीन हजार आठसय हेक्टरमा हुने मकैखेतीमध्ये सबैभन्दा बढी वसन्ते मकै लगाउने छन् ।

मकैकिसानले वैशाख-जेठमा बर्खे, भदौ-असोजमा हिउँदे र माघ-फागुन महिनामा वसन्ते मकैखेती लगाउने गरेका छन् । प्रत्येक वर्ष मकै लगाउने किसान बढ्दै गएका छन् । आव २०७९/८० मा तीन हजार ७ सय हेक्टरमा मकैखेती गरिएकामा आव २०८०/८१ मा तीन हजार ८ सय हेक्टरमा मकैखेती लगाइएको सूचना अधिकारी कँडेलले बताइन् ।

किसानको आकर्षण मकैखेतीतर्फ बढेपछि कार्यालयले ५० प्रतिशत अनुदानमा बीउ उपलब्ध गराउँदै आएको छ । सूचना अधिकारी कँडेलका अनुसार अनुदानमा पाइने रामपुर हाइब्रिड.-१० सहित अरुण-२ र रामपुर कम्पोजिट जातको मकै लगाउने गरेका छन् । उत्पादित मकै पसल तथा दाना उद्योगमा बिक्री हुने र बीउ कम्पनीले नै खरिद गरिदिने भएकाले किसानलाई बजारीकरणको समेत समस्या नरहेको उनको दावी छ ।

विगतमा बाँझो राखिएको जमिनमा समेत हाल मकैखेती लगाएर स्थानीय किसानले आम्दानीको स्रोत बढाएको छन् । जिल्लास्थित लमही नगरपालिकासहित गढवा, राप्ती र राजपुर गाउँपालिकामा मकैखेती हुँदै आएको छ । आर्थिक वर्ष २०७३/७४ देखि मकै सुपरजोन कार्यक्रम सञ्चालनमा आएपछि देउखुरीमा मकै उत्पादनको व्यावसायिक रूपमा फड्को मार्न थालेको हो ।

# गुणस्तर र समयलाई ध्यानदिन पूर्वमन्त्री शर्माको आग्रह

**दाङ ।** पूर्वसञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले विकास योजनाको गुणस्तरमा ध्यान दिँदै समयमै सक्ने पक्षलाई ध्यान दिनुपर्नेमा जोड दिएकी छन् । दाङ क्षेत्र नं २ मा संघीय सरकारको बजेटबाट निर्माणाधीन विभिन्न विकास योजनाको अनुगमन भ्रमण गर्ने क्रममा मंगलबार उनले आफ्नो ठाउँको विकासका लागि स्थानीयावासीले योजना माग गरेजस्तै अब समयमै सम्पन्न गर्न र गुणस्तरीयता कायम गर्न पनि ध्यान दिनुपर्ने तर्फ औंल्याइन् ।

तुलसीपुर उपमहानगरपालिका क्षेत्रका योजनाको अनुगमनका क्रममा पूर्वमन्त्री शर्माले उपमहानगरपालिका-१८, १६ तथा घोराही उपमहानगरपालिका-९, १४ र १८ मा निर्माणाधीन सडक, घोराही १३ मा निर्माणाधीन भूपु सैनिक संगठनको बहुउद्देश्यीय भवन र घोराही १८ मा निर्माणाधीन नेपाल मगर संघको मगर सांस्कृतिक भवन र घोराही १४ भिंगौरास्थित हरियाली पार्कको अनुगमन गरेकी हुन् । पार्कभित्र निर्मित सहिदहरूको प्रतिमाको तीन वर्ष अघि अज्ञात व्यक्तिले तोडफोड गरेकाले सोको पुनर्निर्माण गरिने छ ।

सोही क्रममा पूर्वमन्त्री शर्माले सडक विभाग, सघन सहरी कार्यालयलगायत विकास योजना हेर्ने कार्यालयका प्रमुख तथा प्रतिनिधि, निर्माण व्यवसायी, स्थानीय तहका जनप्रतिनिधि र अधिकारी तथा स्थानीय उपभोक्तासँग छलफल समेत गरेको बुझिएको छ ।

# सोलुखुम्बुमा हावाहुरीबाट २ महिनामा २६ घटना घटे

**काठमाडौं ।** अस्वाभाविक गतिको हावाहुरीका कारण सोलुखुम्बु जिल्लाका विभिन्न स्थानीय तहमा गएको दुई महिनाभित्र विभिन्न २६ वटा घटना भएका छन् । जिल्ला प्रहरी कार्यालयका अनुसार गत माघदेखि चैत्र ३ गतेसम्मको अवधिमा हावाहुरीबाट विभिन्न स्थानका २० वटा निजी घर तथा संरचना, तीन वटा विद्यालय भवन, दुई वटा धार्मिक संरचना र एउटा सरकारी संरचनामा क्षति पुगेको हो ।

जिल्ला प्रहरी प्रमुख द्वारिकाप्रसाद घिमिरेले खुम्बु पासाङ ल्हामु गाउँपालिकामा सबै भन्दा बढी १४ वटा भौतिक संरचनामा क्षति पुर्‍याएको जानकारी दिए । जसमध्ये १० वटा निजी घर तथा संरचना, दुई वटा गुम्बा, सीमा प्रशासन कार्यालय नाम्चेको कार्यालय रहेको सरकारी संरचना र एक विद्यालय भवनमा क्षति पुगेको छ । हावाका कारण सगरमाथा क्षेत्रको थामेदेखि सदरमुकाम सल्लेरीसहित सोताङ आसपासमा घर, विद्यालय जस्ता संरचनाहरूमा ठूलो क्षति पुगेको छ । सोलुदुधकुण्ड नगरपालिकामा एक विद्यालय भवन र सात निजी घर गरी आठ वटा र सोताङ गाउँपालिकामा एक विद्यालय भवन र तीन घरमा गरी चार वटा संरचनामा क्षति पुर्‍याएको प्रहरीले बताएको छ ।

विगतको तुलनामा यस वर्ष ठूलो हावाहुरीले ठूलो क्षति पुर्‍याएको जिल्ला प्रनाउ घिमिरेले बताए । 'हावाहुरीका कारण कतिपय स्थानमा रुखहरू जरै पल्टिएर ढलेका छन्' उनले भने 'सल्लेरी, गार्मालगायतका क्षेत्रमा ढलेको रुखका कारण हाइटेन्सन लाइनमा क्षति पुग्दा बारम्बार विद्युत सेवा अवरुद्ध हुने गरेको छ ।' लाइन विस्तार भएका क्षेत्रमा रुखहरू ढल्ने कारण सदरमुकाम सहितका क्षेत्रमा धेरै पटक विद्युत सेवा अवरुद्ध भइरहेको सल्लेरी च्याल्सा विद्युत कम्पनी लिमिटेड सोलुखुम्बुका महापबन्धक भोजराज तिवारीले बताए ।

विगतमा सामान्य हावा चल्ने भए पनि यस पटक सोलुखुम्बुमा अस्वाभाविक गतिमा हावा चलेको अनुभव स्थानीयको छ । 'खै के हुनलाई यस्तो भएको हो, यो सालको जस्तो बतास चलेको मलाई अहिलेसम्म थाहा थिएन्, हावाले घरहरू त परको कुरा रुखहरू नै जराबाटै पल्टिन थाल्यो ! डाँडाहरू हावाले फुकेर फुङ्ग हुँदै गएको छ, यस्तो हुनु राम्रो होइन' सोलुदुधकुण्ड नगरपालिका-७ गार्माकी ७१ वर्षीया जाङ्बु शेर्पाले आश्चर्य व्यक्त गर्दै भनिन् ।

हावाका कारण बाहिर हिँड्डुल गर्न तथा विद्यार्थीलाई विद्यालय जान जोखिम हुने गरेको छ । घरका छानोहरू उडाउने तथा बाटो आसपासका रुखहरू ढलेर दुर्घटना निम्तने जोखिम उच्च भएको गार्मा माध्यमिक विद्यालयका प्रधानाध्यापक विनोदसिं तामाङले बताए । जसलाई मध्यनजर गरी स्थानीय प्रशासनले सूचना नै जारी गरेको छ । अनोजकुमार घिमिरेले तीव्र गतिको हावा निरन्तर चलिरहेकाले मानवीय क्षति हुन नदिन सचेतनामूलक सूचना जारी गरिएको प्रमुख जिल्ला अधिकारी बताए ।

यसरी तीव्र गतिमा अस्वाभाविक हावाहुरी चल्नु जलवायु परिवर्तनको गम्भीर असर भएको विज्ञहरू बताउँछन् । जलवायु विज्ञ तथा सगरमाथा संवादका विज्ञ सदस्य डा धर्मराज उप्रेतीले स्थानीय मौसमी प्रणालीहरू पर्वतीय भूभाग भएका क्षेत्रमा स्थानीय मौसमी प्रणालीको विकास हुँदा तीव्र हावाहुरी निम्त्याउन सक्ने बताए । हिमाली क्षेत्रमा तापक्रमको तीव्र उतारचढावले हावाको चापमा परिवर्तन गराई तीव्र गतिको हावाहुरी सिर्जना भइरहेको उनको बुझाइ छ । 'वैश्विक तापमान वृद्धिका कारण मौसम प्रणालीहरूमा अस्थिरता बढ्दै गएको छ, जसले गर्दा अनियमित र तीव्र हावाहुरीजस्ता घटनाको आवृत्ति र तीव्रता बढेको हो, यो पृथ्वीका लागि गम्भीर खतराको संकेत हो' डा उप्रेतिले भने 'मुख्यतः यो जलवायु परिवर्तनकै असर हो ।'

जलवायु जानकार डब्लूडब्लुएफका राष्ट्रिय कार्यक्रम प्रबन्धक राजन थापाका अनुसार जलवायु परिवर्तनको असरले गर्दा हिमाली भेगको जमिन अत्यधिक तातिरहेको छ जसले हावाको वेगमा परिवर्तन आएको हुन सक्छ । 'पृथ्वी पश्चिमबाट पूर्वतर्फ घुम्ने भएकाले हावाको दिशा पृथ्वीको घुमाइले प्रभाव पार्छ । जलवायु परिवर्तनको कारणले पृथ्वीको घुमाइलाई असर पारेको छ भने हिमाली भेगमा हावाको गति अस्वाभाविक हुनसक्छ' थापाले भने 'यो गम्भीर अध्ययनको विषय हो ।'

## जटिल परिस्थितिमा...

कार्यकारी राष्ट्रपति र पूर्ण समानुपातिक निर्वाचन प्रणालीको विषयमा आमजनता र युवालाई बुझाउनु आवश्यक रहेको प्रचण्डले बताए। 'क्रान्तिकारी पार्टी र नेताले मात्र गल्ती स्वीकार गर्छन्, बुर्जुवा र प्रतिक्रान्तिहरूले गल्ती स्वीकार गर्दैनन्, जनताको नेतृत्व गर्ने पार्टीका रूपमा हामी फेरि रूपान्तरण हुनुपर्नेछ, भ्रष्टाचारीको संरक्षण गर्नेहरू र क्रान्तिकारीहरू एकै होइनन्'- लेनिनको भनाइ उदृत गर्दै उनले भने।

प्रतिक्रियावादी र प्रतिक्रान्तिकारीहरूले पूर्वसभामुख कृष्णबहादुर महरालाई अनाहकमा पक्रेर गलत सन्देश, बेइमानी र षड्यन्त्रको सुरुआत गरेको धारणा राख्दै संयोजक प्रचण्डले भने- 'पार्टीको नेतृत्वमा को हुनुपर्छ वा को हुनुहुँदैन भनेर पत्रकारहरूले भन्ने होइन, त्यसको निराकरण सम्बन्धित पार्टीका सदस्यहरूले गर्ने विषय हो।'

सोही कार्यक्रममा बोल्दै महाधिवेशन आयोजक समितिकी सदस्य एवं पूर्वमन्त्री पम्फा भुसालले जनताका अधिकतम अधिकारलाई प्रत्याभूति गर्ने गरी आफूहरूले संविधान लेखेको बताइन्। समाजवादी जनक्रान्ति सफल बनाउन 'जेन-जी' नामक नवयुवा पुस्ताले गरेको माग अनुसारको सुशासन र समावेशी संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्दै लैजानुपर्नेमा उनले जोड दिइन्। दसवर्षे जनयुद्धका क्रममा समेत नभएको विध्वंस 'जेन-जी' प्रदर्शनमा हुनुले यसखाले संविधान र व्यवस्था मास्ने षड्यन्त्रविरुद्ध राष्ट्रपतिले खेलेको सकारात्मक भूमिकाले स्थितिलाई सापेक्षित रूपले शान्त बनाएको उनले बताइन्।

पार्टीपंक्तिलाई उत्साहित तुल्याउँदै नयाँ खालको जिम्मेवारी अनुरूप रूपान्तरणको सन्देश प्रवाह गर्ने उद्देश्यका साथ विशेष कार्यक्रम आयोजना गरिएको बताउँदै माओवादी केन्द्र, ललितपुर महानगरका इन्चार्ज एवं संविधानसभा सदस्य राजकाजी महर्जनले तल्लो तहसम्म नयाँ कार्ययोजनासहित अगाडि बढ्ने प्रतिबद्धताका साथ क्रियाशील रहेको जानकारी गराए। ललितपुर महानगर समितिका अध्यक्ष रवीन्द्र महर्जनले पार्टीलाई समुदायमा स्थापित गराउँदै जानुपर्नेमा जोड दिए।

## ११७औं महाकवि...

माल्यार्पणसहित कविता वाचन गरी मनाइएको हो। प्रतिष्ठानका कुलपति भुपाल राईले नेपाली कृतिको अनुवाद र विदेशमा भएका विभिन्न सम्मेलनमा नेपालको प्रतिनिधित्व गरी नेपाली साहित्यको अन्तर्राष्ट्रिय तहमा प्रचारप्रसार समेतमा देवकोटाले महत्वपूर्ण योगदान पुऱ्याएको स्मरण गरे। उनले नेपाल प्रज्ञा-प्रतिष्ठानको स्थापनामा सक्रिय भूमिका निर्वाह गरेकाले देवकोटा भौतिक रूपमा नरहे पनि नेपालीबीच सधैं अमर रहँदै आएको पनि बताए।

तुरुन्त कविता लेख्नसक्ने आँशुकविको क्षमता भएका देवकोटाको कवि-प्रतिभा, कविताको गुणात्मक मूल्य मूल्यवान रहेको चर्चा गर्दै राईले महाकविका कृतिमा पूर्वीय र पाश्चात्य दर्शनको संयोजन पाइने विशेषता रहेको उल्लेख गरे।

२०१६ मा तत्कालीन सरकारमा आफू शिक्षा तथा स्वायत्त शासनमन्त्री रहँदा महाकवि देवकोटाले देशभर नेपाली भाषालाई अनिवार्य विषयका रूपमा लागू गरी नेपालीलाई एकताबद्ध बनाएको स्मरण गर्दै प्रतिष्ठानकी साहित्य विभाग प्रमुख एवं प्राज्ञ बाबा बस्नेतले नेपाली साहित्यलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा फैलाउन देवकोटाले महत्वपूर्ण भूमिका निर्वाह गरेको बताइन्।

महाकाव्य, खण्डकाव्य, निवन्ध, कथा, नाटक, उपन्यास, गीत, समालोचना र फुटकर सर्जक देवकोटाको नेपाली भाषामा प्रकाशित 'मुनामदन' खण्डकाव्य सबैभन्दा बढी बिक्री भएको पुस्तक मानिन्छ।

विसं १९६६ कार्तिक कृष्ण औंसी अर्थात लक्ष्मीपूजाका दिन काठमाडौंको डिल्लीबजारमा जन्मिएका महाकवि देवकोटाले दश वर्षको उमेरमा कविता लेख्न सुरु गरेका थिए। उनका थुप्रै महाकाव्य, खण्डकाव्य, निबन्ध, कथा, नाटक, उपन्यास, गीत, समालोचना र फुटकर कविता प्रकाशित छन्। नेपाली साहित्यलाई सयभन्दा बढी कृति दिएर नेपाललाई अन्तरर्राष्ट्रियस्तरमा चिनाएका उनले नेपाली साहित्यमा आधुनिक महाकाव्य लेखनको थालनी गरेका थिए।

नेपाली साहित्यमा स्वच्छन्दतावादी-प्रगतिवादी धाराका प्रवर्तक देवकोटाका रचनामा मानवतावाद, प्रकृतिप्रेम र क्रान्तिकारिता झल्कन्छ। उनका सिर्जनामा पूर्वीय र पाश्चात्य दर्शनको संयोजन पाइन्छ।

भारतका महापण्डित राहुल सांस्कृत्यायनले देवकोटा एक्लैलाई भारतका महाकवि सुमित्रानन्दन पन्त, जयशङ्करप्रसाद र सूर्यकान्त निरालाको संयुक्त रूपसँग तुलना गरेका थिए भनिन्छ। यस्तै नाट्यसम्राट बालकृष्ण समले देवकोटा 'मुनामदन', 'शाकुन्तल' महाकाव्य र 'पागल' कवितासँगै तीन पटक जन्मेको बताएका थिए।

उनले विदेशी भाषामा नेपाली कृतिहरूको अनुवाद र विदेशमा भएका विभिन्न सम्मेलनमा नेपालको प्रतिनिधित्व गरी नेपाली साहित्यको विश्वव्यापी प्रचारप्रसारमा समेत महत्वपूर्ण योगदान दिएका थिए। महाकवि देवकोटाले अङ्ग्रेजी साहित्यका फ्रान्सिस बेकन, चार्ल्स ल्यास जस्ता १५ जना गद्य लेखकका निबन्धको चयन गरी विसं १९९७ मा 'प्रसिद्ध प्रबन्ध संग्रह' प्रकाशित गरेका थिए। तीन महिनामा 'शाकुन्तल' महाकाव्य, दश दिनमै 'सुलोचना' महाकाव्य र एकै दिनमा 'कुञ्जिनी' खण्डकाव्यको रचना गरेका देवकोटामा तुरुन्त कविता लेख्नसक्ने क्षमता थियो।

# सप्तरंगी टीका लगाएर मनाइयो भाइटीका : दिदीबहिनी–दाजुभाइ नहुनेले बालगोपालेश्वर र खञ्जनेश्वरमा लगाए भाइटीका

**काठमाडौं।** यमपञ्चक अर्थात तिहारको मुख्य पर्व कार्तिक शुक्ल द्वितीयाका दिन बिहीबार दिदीबहिनीले आफ्ना दाजुभाइलाई श्रद्धा, आस्था र निष्ठाका साथ दीर्घायु, आरोग्य र ऐश्वर्य प्राप्तिको कामना गर्दै सप्तरंगी टीका एवं मखमली, सयपत्री र दुबोको माला लगाइ दिएर मनाएका छन्।

प्रत्येक वर्षझैं यस पटक पनि नेपालीको दोस्रो ठूलो पर्व तिहारको छैटौं दिन कार्तिक द्वितीयाका दिन दाजुभाइले दिदीबहिनीबाट निधारमा सप्तरंगी टीका लगाएर हर्षोल्लासका साथ तिहार पर्व मनाएका हुन्। कार्तिक द्वितीयालाई यमद्वितीया समेत भन्ने गरिन्छ। यमपञ्चक समेत भनिने तिहार पाँच दिनको हुने भए पनि यस वर्ष तिथि बढेर छैटौं दिनमा भाइटीका परेको नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले उल्लेख गरेको छ। दाजुभाइलाई टीका-माला लगाएपछि दाजुभाइले दिदीबहिनीलाई पनि टीका लगाउने चलन अनुसार उनीहरूले एक-आपसमा टीका लगाउँदै शुभकामना आदनप्रदान गर्दै हर्षका साथ भाइटीका पर्व मनाइएको छ। धर्मशास्त्रविद एवं नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिका सदस्य प्राडा देवमणि भट्टराईका अनुसार दिदीबहिनीलाई पूजा गर्नाले अखण्ड सौभाग्य र ऐश्वर्य प्राप्त हुने शास्त्रीय मान्यता रहेको छ। यस वर्ष भाइटीका साइत बिहान ११:३९ बजे अभिजित मुहूर्तको उत्तम समय रहेको जानकारी दिँदै समितिका अध्यक्ष प्रा सम्भुप्रसाद ढकालले भाइटीकाका दिन दिनभर नै टीका लगाउन कुनै बाधा नभएको बताए।

यस दिन लक्ष्मी पूजाका दिन स्थापना गरिएको दियो, कलश र गणेशको पूजा गरी मूल थालीमा लेखिएको अष्टदलमा मार्कण्डेय, अश्वत्थामा, बलि, व्यास, हनुमान, विभीषण, कृपाचार्य र परशुराम गरी अष्ट चिरञ्जीवी, चित्रगुप्त, यमराज, यमुना र धर्मराज, गणपत्यादि वनस्पत्यन्त देवता, नवग्रहको समेत पूजाआराधना गरी दिदीबहिनीले दाजुभाइलाई तेलको धाराले छेकेर परम्पराअनुसार सप्तरंगी वा पञ्चरंगी टीका, मखमली, सयपत्री वा गोदावरीलगायत फूलका माला लगाइदिने गरिन्छ। तिहारमा सप्तरंगी टीका लगाउने भनिँदै आएको भए पनि शास्त्रीय मान्यताअनुसार तिहारमा रातो, सेतो, पहैँलो, हरियो र नीलो पञ्चरंगी टीका लगाउने उल्लेख गरिएको धर्मशास्त्रविद भट्टराईले बताए। टीका लगाएपछि दिदीबहिनीले दाजुभाइलाई ओखर, कटुस, मसला एवं सेलरोटीलगायत खानेकुरा दिने र दाजुभाइले पनि दिदीबहिनीलाई गच्छेअनुसार सौभाग्यका प्रतीक कपडा र दक्षिणा दिई सम्मान प्रकट गर्ने धार्मिक एवं सामाजिक परम्परा छ।

यसैगरी दिदीबहिनी नहुने तथा दाजुभाइ र दाजुभाइ नहुने दिदीबहिनीले भाइटीकाका दिन काठमाडौंस्थित रानीपोखरीको बीचमा रहेको बालगोपालेश्वर मन्दिर र जयवागेश्वरीस्थित खञ्जनेश्वर महादेव मन्दिरमा पूजा दर्शन गरी टीका लगाउने परम्पराअनुसार भाइटीका लगाएका छन्। वर्षको एक दिन भाइटीकामा मात्रै खुल्ने बालगोपालेश्वर मन्दिरमा दाजुभाइ तथा दिदीबहिनी नहुनेहरूले पूजा दर्शन गरी टीका लगाएर तिहार चाड मनाएका छन्। रानीपोखरीमा मानिसहरू हामफाल्ने समस्या देखिएपछि २०३५ अघि रानीपोखरीभित्रको बालगोपालेश्वर मन्दिरमा प्रवेश बन्द गरिएको थियो। उतिबेला जयबागेश्वरीको खञ्जनेश्वर महादेव मन्दिरमा दिदीबहिनी नहुने दाजुभाइ र दाजुभाइ नहुने दिदीबहिनीको भीड लाग्थ्यो। अहिले पनि खञ्जनेश्वर महादेव मन्दिरमा भाइटीकाका दिन भक्तजनको लाम लाग्ने गर्छ। विसं २०३५ पछि भाइटीकाका दिन रानीपोखरीभित्रको बालगोपालेश्वर मन्दिर खुल्न थालेको हो। दाजुभाइ र दिदीबहिनीको पर्व भाइटीकाका दिन ऐतिहासिक रानीपोखरीमा रहेको बालगोपालेश्वरमा टीका लगाउँदै आपसी माया, स्नेह र आस्थाको पर्व मनाएका छन्। भाइटीकाका दिन सर्वसाधारणका लागि बिहानैदेखि खोलिएको बालगोपालेश्वर मन्दिरमा दिउँसोसम्म करिव १५ सय जनाले टीका लगाएको मन्दिरका पुजारी भेमब कोइरालाले जानकारी दिए।

परम्पराअनुसार यो मन्दिर वर्षमा एक दिन भाइटीकाको अवसरमा मात्र खोलिने गरिन्छ। बिहान सबेरैदेखि दर्शनार्थीहरूको घुइँचो लागेपछि बालगोपालेश्वर मन्दिरमा यस दिन विशेष चहलपहल देखिएको थियो। भगवान बालगोपालेश्वरको दर्शन गरी टीका लगाउने चलन निकै पुरानो र सांस्कृतिक दृष्टिले महत्वपूर्ण मानिन्छ। यो परम्परा आफ्ना नजिकका दाजुभाइ वा दिदीबहिनी नभएकाले पनि तिहारको मुख्य पर्वको मर्म अनुभव गर्न सकून भन्ने मान्यताका साथ प्रारम्भ भएको हो। मन्दिरमा पुगेका भक्तजनहरूले फूल, माला, अक्षता, रङ र मिठाई चढाई भगवान बालगोपालेश्वरको आराधना गरेका थिए। परम्परागत विधिअनुसार टीका लगाइसकेपछि श्रद्धालुहरूले एकअर्कालाई शुभकामना साटासाट गर्दै दीर्घायु, आरोग्य र समृद्धिको कामना गरेका थिए।

# केन्द्रीय समितिको म्याद नथप्न विशेष महाधिवेशन पक्षधरको माग

**काठमाडौं।** नेपाली कांग्रेसमा विशेष महाधिवेशन पक्षधरहरूले केन्द्रीय समितिको म्याद थप्न नहुने माग गरेका छन्। पार्टीको वर्तमान नेतृत्वले अनावश्यक रूपमा केन्द्रीय कार्यसमितिको बैठक लम्ब्याउने, ढिलो गर्ने र नियमित प्रक्रियामा महाधिवेशन नगरी नेतृत्वमा बसिरहने अस्वाभाविक र अलोकतान्त्रिक अभ्यास गरिरहेको आरोप लगाउँदै सो समूहले केन्द्रीय समितिको म्याद थप गर्नु नहुनेमा जोड दिएको हो। कांग्रेसमा विशेष महाधिवेशन पक्षधर नेताहरू गुरु घिमिरे, मनोजमणि आचार्य, देवराज चालिसेसहितले आइतबार पत्रकार सम्मेलन गरी कुनै पनि अवस्थामा केन्द्रीय समितिको म्याद थप्न नहुने बताएका हुन्।

असोज २८ देखि प्रारम्भ भएको कांग्रेस केन्द्रीय समिति बैठक शनिबारसम्म बसेर फेरि छठपछि अर्थात कातिक १३ गतेका लागि बोलाइएको छ। पत्रकार सम्मेलनमा वक्ताहरूले बैठक विनाकारण लम्ब्याउने, ढिला गर्ने र आगामी बैठक पनि कहिले सम्पन्न हुने भनेर टुंगो नभएकाले वर्तमान कार्यसमितिको मनसाय नै समयमा नियमित महाधिवेशन नगर्ने र म्याद थप्नतर्फ उद्धत रहेको आरोप लगाएका छन्। वर्तमान केन्द्रीय कार्यसमितिको यस्तो प्रवृत्ति आपत्तिजनक रहेको र समयमा नियमित महाधिवेशन नगर्ने मनसायसहित यस्तो कार्य भइरहेको नेता आचार्यको आरोप थियो। 'राष्ट्रिय राजनीति अत्यन्त तीव्रताका साथ अगाडि बढिरहेको छ। यस्तो बेला तत्काल देशको अवस्थाअनुसार निर्णय दिनुपर्ने थियो, तर विलम्ब गर्ने, अल्मलिने र पार्टीको नयाँ नेतृत्व चयन गर्न ढिलाइ गर्न खोजिएको छ' भन्दै उनले थपे 'यो गलत छ, यस्तो छुट कसैलाई छैन।' उनले आगामी फागुन २१ गते घोषित प्रतिनिधिसभाको निर्वाचनअगावै पार्टी महाधिवेशनमार्फत नयाँ नेतृत्व चयन गरी आगामी चुनावमा जानुको विकल्प नरहेको बताए। 'राष्ट्रिय आवश्यकता महसुस गरी विशेष महाधिवेशन माग गरेका छौं' नेता आचार्यले भने 'यसको सुनुवाइ हुनुपर्छ।'

पत्रकार सम्मेलनमा नेता घिमिरेले केन्द्रीय कार्यसमितिले अस्वाभाविक रूपमा कार्यसमिति बैठक लम्ब्याएको आरोप लगाए। कार्यसमितिको बैठक अस्वाभाविक रूपमा लम्ब्याइएको भन्दै उनले केन्द्रीय कार्यसमिति महाधिवेशनभन्दा ठूलो नभएकाले महाधिवेशन प्रतिनिधिको आदेशलाई पालना गर्नुपर्नेमा जोड दिए।

'विभिन्न राजनीतिक दल र कम्युनिस्ट पार्टीले आगामी मंसिरमा महाधिवेशन गर्ने निर्णय गरिसकेका छन्। आफूलाई विश्वको प्रजातान्त्रिक आन्दोलनको नमुना पार्टी भनेर दाबी गर्छौं, उचित निर्णय गरेर देशलाई निकास दिनुपर्नेमा हामी अल्मलिरहेका छौं' नेता घिमिरेको प्रश्न थियो 'हामीलाई केले रोक्यो ?' विधानअनुसार वर्तमान कार्यसमितिले महाधिवेशन गर्नुपर्ने र बहुसंख्यक महाधिवेशन प्रतिनिधिको प्रतिनिधिको मतको कदर गर्नुपर्नेमा उनको जोड थियो।


## जुवातास खेल्नु र खेलाउनु कानुनी अपराध हो !

**जुवातास खेले वा खेलाएमा,**
**मुलुकी अपराधसंहिता, २०७४ को दफा १२५ मा**

- पहिलोपटक खेल्ने वा खेलाउनेलाई तीन महिनासम्म कैद वा तीस हजारसम्म जरिवाना,
- दोस्रो पटकमा एक वर्षसम्म कैद र पचास हजार रूपैयाँसम्म जरिवाना,
- त्यसपछि हरेक पटक थप तीन महिनासम्म कैद र दस हजार रूपैयाँसम्म जरिवाना,
- जुवा खेल्न प्रयोग भएको साधन, जुवाखालमा प्राप्त सम्पूर्ण चल-अचल सम्पत्ति जफत हुने लगायतका कानुनी व्यवस्था छन्।

**त्यसैले जुवातास नखेलौं–नखेलाऔं, कानुनी कारबाहीबाट बचौं !**

नेपाल सरकार
**विज्ञापन बोर्ड**


प्रकाशकः **कोसेली मिडिया सपोर्ट प्रा.लि.** सम्पादक : **सानु राय (गौतम) [९८४९६००२०९]** बजार व्यवस्थापक : **माधवप्रसाद न्यौपाने [९८४६५२८५०२]**
**कार्यालय** : जोरपाटी, काठमाडौं **फोन** : ९८४७३९५३८६ **इमेल** : janajibro.news@gmail.com **वेबसाइट** : www.janajibro.com **मुद्रण** : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं